साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ४३ २०८३ जेठ १९ गते मंगलबार (June 2, 2026) मूल्य रू. १०/-

## राप्रपाभित्र बिद्रोह : तितरबितर हुँदैछ

राष्ट्रिय प्रजातन्त्र पार्टीभित्र धवल शमशेर जबराले पार्टी फुटाउँदैछन् । यो फुटलाई जोगाउन राप्रपाका तीन पूर्वअध्यक्षहरु पशुपति शमशेर राणा, डा. प्रकाशचन्द्र लोहनी र कमल थापाले राप्रपाको भविष्य उज्ज्वल छ भनेर संयुक्त वक्तव्य जारी गरेका छन् । यो वक्तव्यलाई बिद्रोही समूहले पत्याएका छैनन् । यी तिनैजना र वर्तमान अध्यक्ष राजेन्द्र लिंगदेनमाथि पार्टी बनाउन नसक्नेहरु पार्टी जोगाउन अग्रसर भएको दोष लागेको छ ।

१५ जेठ २०४७ मा गठन भएको राप्रपा पटक पटक नीति, सिद्धान्त, निष्ठा गुमाउँदै आएको छ । हिन्दु राष्ट्र र राजसंस्थाको मुख्य एजेण्डासहित राष्ट्रिय पार्टी बनिसकेको राप्रपा अवसरवादको झुण्ड हुँदै समाप्तिको मार्गमा देखिदैछ ।

हरेक पार्टी अध्यक्ष विवादित भए । अहिलेको राजेन्द्र लिङदेनमाथि समेत पनि अवसरवाद र नेपोटिजमको कालोधब्बा लागेको छ । राप्रपा प्रचण्ड, शेरबहादुर देउवा, माधव नेपाल सरकारमा सहभागी भएर गणतन्त्र, संघीयताको भरिया बनेको र पार्टीभित्र विभेद, निषेध र प्रतिषोध साधेको गम्भीर आरोप लागेको छ ।

## फेरि प्रम बालेन्द्रले बोल्नैपर्ने प्रश्नहरू

जेठ १७ गते संसदको रोष्टममा उभिँदा बोल्यो कि पोल्यो वातावरण सिर्जित भएको छ । प्रम बालेन साह फेरि छिटै संसदको रोष्टममा उभिएर बोल्न जरुरी छ । सत्तामा नयाँ छन्, तिनलाई दीक्षित पार्न सघाउनुपर्छ भन्ने सकारात्मकता कुनै पनि विपक्षीमा देखिदैन । प्रजातन्त्रका दार्शनिक भन्छन्- प्रजातन्त्र भनेको निरन्तर को विचार-विमर्श हो । संसदमा विचार विमर्श होइन, आरोप प्रत्यारोप चलिरहेको छ । नेपालको प्रजातन्त्र त जसरी पनि बिरोधीलाई खुइल्याउनुपर्छ भन्ने मान्यता राख्छन् । प्रजातन्त्रको गरिमा र महिमा २०४६ सालदेखि नै कुल्चने काम हुँदै आएको छ, जेनजी सरकारमाथि समाजवादी, प्रजातन्त्रवादी, सर्वहारावादी भन्नेहरुले जसरी पनि खुइल्याउनुपर्छ भनेर तीललाई पहाड बनाइरहेका छन् ।

नागरिकले थाहा पाउनैपर्छ, प्रतिपक्षीलाई जानकारी दिनैपर्ने विषयहुन-

सीमा समस्या के हो ? समाधान के कसरी गर्ने योजना छ ?

नेपालले भारतको जमिन मिचेको विषयको अन्तर्यको प्रष्टता के के हो ?

सरकारले के के गऱ्यो, अब के के गर्ने योजनामा रहेको छ ?

सुकुमवासीको पहिचान र पुनर्स्थापना कहिलेसम्म हुने हो ?

नागरिकसँग गरेका करार र वाचापत्रका बुँदा के हुँदैछन् ?

पहिलो वर्ष सुशासनको वर्ष ? सुशासन कायम गर्न के के हुँदै गरिदैछ ?

मेचीदेखि महाकाली-कर्णालीमा कुन कुन योजना लागू हुँदैछ ?

रोजगारी सिर्जना, उद्यम र आत्मनिर्भरतामा के गरिदैछ ?

शिक्षा, स्वास्थ्य, गाँस बास कपासका लागि सरकारको योजना के छन् ?

नीति, सिद्धान्त, निष्ठा छाडेर प्रतिषोध त साधिदै छैन ? प्रष्ट कुरो के हो ?

संवैधानिक र अन्य निकायमा छिटो छरितो नियुक्ती नहुनुको कारण के हो ?




# सीमा समस्यामा बेलायत

जेठ १७ गते प्रधानमन्त्री बालेन्द्र साहले कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति, राप्रपा, स्वतन्त्र र रास्वपाका सांसदले प्रश्न उठाएका प्रश्नहरुकोएक एक गरेर जवाफ दिए । जवाफ दिने क्रममा लिपुलेक, लिम्पियाधुराको सवालमा नेपालले डिप्लोमेटिक नोट पठाएको र त्यसको टेबुल टक गरेर समस्या समाधान गर्ने प्रत्युत्तर प्राप्त भइसकेको बताए । सीमा समस्या समाधान गर्न नेपालले सुगौली सन्धिका बेलाको इङ्लैण्डलाई पनि समावेश गराउन पत्राचार गरेको बताए । सीमा समस्या समाधान गर्न ३७ वर्षमा कुनै प्रधानमन्त्रीले नेपालसँग सुगौली सन्धि गर्ने बेलायतलाई समेत टेबुल टकका लागि गुहार गरिएको इतिहासमै यो पहिलो घटना हो । यही सन्दर्भमा प्रम बालेन्द्र साहले भारतले मात्र होइन नेपालले पनि भारतको जमिन मिचेको बताएपछि विपक्षीहरु भड्किएका छन् ।

यति ठूलो आपत्ति देखे सुनेका प्रम बालेन्द्रले सामाजिक सञ्जालबाट शंका नगर्न भन्दै माफी मागेका छन् ।

विश्लेषकहरु भन्छन्- कूटनीतिक पत्राचार भएको, भारतले जवाफ दिएको भनिएको छ । न भारतको पत्रमा नेपालले भारतको जग्गा मिचिएको भनेको छ कि ? यसैवीच कान्तिपुरमा छापिएको मातृका दाहालको २०७७ चैत ८ को नेपाली पक्षबाट २७४ ठाउँमा खेतीपाती भन्ने समाचार पनि चर्चामा आएको छ । यसैवीच नेपाल विज्ञ भारतीय एसडी मुनीले प्रम बालेनको साहसको प्रशंसा गर्दै सीमा समस्या अन्त र्राष्ट्रियकरण नगर्न चेतावनी दिएका छन् र भारत वार्ता गर्न तैयार छ भने ३७ वर्षमा कुनै पार्टीले नगरेको कार्य वार्ताबाट समाधान निकाल्नु बुद्धिमानी हुनेछ । आखिर नेपाली भूमि नेपालको हकभोगमा ल्याउनु त छ नै ।

प्रम बालेन्द्र साहले सुकुम्वासी समस्या समाधान गर्न खोजेको, सहकारी पीडितलाई निक्षेप फिर्ता गर्न थालेको बताउँदै विद्यूतमा भ्याट, बाँदर नियन्त्रणलगायतका कतिपय समस्याका विषयमा ३५ वर्षमा सुल्झिन नसकेको विषय ३५ मिनेटमा सुल्झिन नसक्ने भनेर समय लाग्ने बताएका थिए र

फेरि पनि चर्को विरोध सीमा विषयको अभिव्यक्तिकै छ । हो, भारतसँग सीमा जोडिएका नेपालका २७ जिल्ला, १८८० किलोमिटर क्षेत्रको ७३ ठाउँमा भारतले अतिक्रमण गरेको छ । गुप्त इपिजी रिपोर्टमा पनि यी कुरा टिपोटमा छन् र प्रम बालेनले भनेका छन्- सीमा मिचिएको विषयमा बसेर छलफल गर्छौं र समाधान निकाल्छौं र





सीमाविद बुद्धिनारायण श्रेष्ठ र विज्ञहरु भन्छन्- नेपालले भारतको जमिन मिचेको वा अतिक्रमण गरेको छैन र सिरसिया नदी बाङ्गोटिङगो भएर बग्दा नेपालको भारततर्फ र भारतले नेपालतिरको जमिन भोगचलनको दक्खल भएको छ, मिचिएको भन्न मिल्दैन र तराई क्षेत्रमा क्रस होल्डिङ अकुपेसन अर्थात सीमापार जोत कमोत दक्खल भएको कुरालाई प्रधानमन्त्रीले मिचेको भनेर बुझेको होला । सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न सरकार कटिवद्ध रहेको बताउँदा बताउँदै के निहुँ पाउँ कनिका बुकाउ भनेझैं प्रतिपक्षीहरु नेपालले भारतका कहाँ कहाँ सीमा मिचेको छ देखाउ भन्दैछन् र प्रश्न गर्दैछन् ।

प्रम बालेनले भनेका थिए- सीमा समस्याबारे हामीले भारत र चाइनालाई मात्रै नभएर इङ्गल्याण्ड सरकारसँग पनि कुरा गरेका छौं । उहाँहरूले ब्रिटिस इन्डिया छोड्दै गर्दाखेरिको समस्या अहिलेसम्म हाम्रोमा भइरहँदाखेरि यसमा चाहिँ इङ्गल्याण्डले पनि सरोकार राख्नुपर्छ भन्ने हाम्रो मान्यता हो । तर प्रतिपक्षीहरु नकारात्मकताको पुच्छर निमोठोर नेपालले सीमा मिचेको बारे प्रष्टता खोजिरहेका छन् । अब हेर्नुछ, रास्वपा र बालेन्द्र सरकारले प्रतिपक्षीको भारतका सामु आत्मसमर्पण गरेको आरोपको के कस्तो जवाफ दिने हुन् ? भारतीय सञ्चारले सीमा विवाद वार्ताद्वारा समाधान गर्न बालेन्द्र सरकार तैयार रहेको प्रचार गरिरहेका छन् । रास्वपाका सभापति रवि लामिछाने भारत भ्रमणमा छन्, उनको प्रम नरेन्द्र मोदीसँग वार्ता हुनेछ ।

प्रम बालेन्द्र शाहलाई फिजीका महेन्द्र चौधरी, सिक्किमका नयाँ लेन्डुप भन्ने आरोप लागेको छ । बालेन्द्र साहले कडा रुख देखाएकाले उनको सेखी झार्नैपर्छ भन्छन् प्रतिपक्षीहरु । बोली चिप्लिदा अथवा प्रष्ट कुरो राख्न नसक्दा प्रम बालेन बिबादमा तानिएका छन् । जेनजी नागरिक अभियानले सबैखाले सीमा समस्या सदाका लागि समाधान गर्नुपर्छ भनेको छ ।

## २०८३/८४ बजेट: महत्वाकांक्षा, संरचनात्मक जोखिम र वास्तविक आर्थिक वृद्धिको खोज



गालब बहादुर ढुंगाना

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ (२०२६/२०२७) को बजेट पछिल्ला दशकहरूमा नेपालले प्रस्तुत गरेका सबैभन्दा महत्वाकांक्षी आर्थिक नीति दस्तावेजहरूमध्ये एक हो । सरकारले आगामी वर्षका लागि ७ प्रतिशत आर्थिक वृद्धि र मुद्रास्फीति ६ प्रतिशतभन्दा तल राख्ने लक्ष्य प्रस्तुत गरेको छ, जबकि चालु आर्थिक वर्षको वृद्धि करिब ३.८५ प्रतिशत रहने अनुमान गरिएको छ । नेपालको यो वृद्धि लक्ष्य भारतको अनुमानित ६.५ प्रतिशत र बंगलादेशको अनुमानित ४.७ प्रतिशत वृद्धिभन्दा पनि उच्च छ । यदि नेपालले लगातार ७ प्रतिशत आर्थिक वृद्धि कायम राख्न सकेमा हाल करिब ५० देखि ५५ अर्ब अमेरिकी डलर बराबर रहेको अर्थतन्त्र आगामी एक दशकभित्र १०० अर्ब अमेरिकी डलर नजिक पुग्न सक्छ। महत्वाकांक्षा ठूलो छ । तर प्रश्न के हो भने नेपालको वर्तमान आर्थिक संरचनाले यस्तो वृद्धिलाई वास्तवमै धान्न सक्छ कि सक्दैन ?

प्रस्तावित राष्ट्रिय बजेट करिब २.१२४ खर्ब रूपैयाँ (करिब १५.७ अर्ब अमेरिकी डलर) रहेको छ । सरकारको अनुमानित आम्दानीमध्ये करिब दुई तिहाइ आन्तरिक राजस्वबाट आउने अपेक्षा गरिएको छ भने लगभग एक तिहाइ बजेट आन्तरिक तथा वैदेशिक ऋणबाट वित्तीय व्यवस्थापन गरिनेछ । वैदेशिक अनुदान कुल वित्तीय स्रोतको अत्यन्त सानो हिस्सा मात्र हो । खर्चतर्फ हेर्दा कुल बजेटको करिब ६२ प्रतिशत तलब, पेन्सन, अनुदान र प्रशासनिक खर्चजस्ता पुनरावृत्ति खर्चमा विनियोजन गरिएको छ । केवल करिब १९ प्रतिशत बजेट पूर्वाधार, जलविद्युत्, सिंचाइ, प्रसारण लाइन र औद्योगिक विकासमार्फत भविष्यको उत्पादनशीलतासँग जोडिएको पूँजीगत खर्चमा विनियोजन गरिएको छ । अर्को करिब १९ प्रतिशत बजेट वित्तीय व्यवस्थापन र ऋण भुक्तानी दायित्वमा खर्च हुने भएको छ । बजेटको यो संरचनाले नेपालको अर्थतन्त्र अझै पनि उत्पादनशील पूँजी निर्माणभन्दा उपभोग, ऋण र सञ्चालन खर्चमा बढी निर्भर रहेको देखाउँछ ।

यस बजेटलाई अघिल्ला बजेटहरूभन्दा फरक बनाउने मुख्य पक्ष आर्थिक सोचमा देखिएको परिवर्तन हो । धेरै वर्षपछि पहिलो पटक नेपालको बजेटले कृत्रिम बुद्धिमत्ता, सूचना प्रविधि निर्यात, डिजिटल सेवा, स्टार्टअप, रिमोट वर्क र सार्वभौम एआई पूर्वाधारलाई भविष्यको आर्थिक रूपान्तरणको आधारका रूपमा स्पष्ट रूपमा स्वीकार गरेको छ । नेपालको सूचना प्रविधि निर्यात क्षेत्र वार्षिक करिब १४५ अर्ब रूपैयाँ (करिब १ अर्ब अमेरिकी डलर) पुगेको अनुमान गरिएको छ र पछिल्ला पाँच वर्षमा तीव्र गतिमा बढेको छ । तर प्रभावशाली वृद्धिका बावजुद यो क्षेत्रले अझै कुल गार्हस्थ उत्पादनको करिब २ प्रतिशत मात्र योगदान गर्छ र नेपालले भविष्यमा उत्पादन गर्न खोजेको विशाल विद्युत् खपत गर्न वा एक्लै ७ प्रतिशत आर्थिक वृद्धि कायम राख्न पर्याप्त छैन ।

तर बजेटको आधुनिक र भविष्य उन्मुख भाषाभित्र अर्को असहज आर्थिक यथार्थ लुकेको छ । नेपालको वित्तीय स्थिरता अझै पनि विप्रेषण स्थिर रहने भन्ने एउटै आधारभूत मान्यतामा टिकेको छ । नेपालले हाल वार्षिक करिब १२ देखि १३ अर्ब अमेरिकी डलर विप्रेषण प्राप्त गर्छ, जुन राष्ट्रिय अर्थतन्त्रको करिब २५ देखि ३० प्रतिशत बराबर हो । यही विप्रेषणले आयात, बैंकिङ तरलता, घरजग्गा र सरकारी राजस्व प्रणालीलाई चलाइरहेको छ । अनुमानित आन्तरिक राजस्वको ६० प्रतिशतभन्दा बढी हिस्सा भ्याट, भन्सार महसुल र अन्त:शुल्कबाट आउने अपेक्षा गरिएको छ, जुन सबै आयात र उपभोगसँग प्रत्यक्ष रूपमा जोडिएका छन् । भ्याटबाट मात्र करिब ३८९ अर्ब रूपैयाँ (करिब २.९ अर्ब अमेरिकी डलर), भन्सार महसुलबाट ३४१ अर्ब रूपैयाँ (करिब २.५ अर्ब डलर) र अन्त:शुल्कबाट २५५ अर्ब रूपैयाँ ( करिब १.९ अर्ब डलर) उठाउने लक्ष्य राखिएको छ । यसले नेपालको वित्तीय संरचना अझै पनि घरेलु औद्योगिक उत्पादनभन्दा विप्रेषण आधारित उपभोगमा निर्भर रहेको स्पष्ट देखाउँछ ।

यस्तै संरचनात्मक जोखिम नेपालको ऊर्जा रणनीतिमा पनि देखिन्छ। नेपालको जलविद्युत्को एकमात्र ठूलो निर्यात बजार अहिले प्रभावकारी रूपमा भारत नै हो । नेपालसँग अझै विविधीकृत क्षेत्रीय प्रसारण पूर्वाधार वा वैकल्पिक ठूलो विद्युत् खरिदकर्ता छैनन् । जलविद्युत् विस्तार आफैं ऋणमा आधारित छ र त्यसको सफलताका लागि दीर्घकालीन आम्दानी आवश्यक हुन्छ । यदि नेपालले भविष्यको ठूलो परिमाणको विद्युत् देशभित्रै उत्पादनशील रूपमा उपयोग गर्न सकेन र भारतले राजनीतिक, आर्थिक वा रणनीतिक कारणले नेपाली विद्युत् खरिद घटायो भने नेपालसँग महँगो ऋणमा बनेको विद्युत् उत्पादन क्षमता त हुनेछ, तर त्यसको पर्याप्त बजार नहुन सक्छ । यस्तो अवस्था गम्भीर ऋण संकट र वित्तीय अस्थिरताको कारण बन्न सक्छ । त्यसैले नेपालले केवल विद्युत् निर्यातमा निर्भर रहन सक्दैन । ठूलो परिमाणमा विद्युत् खपत गर्ने घरेलु उद्योगहरू तत्काल विकास गर्न आवश्यक छ ।

यही कारणले बजेटमा गरिएको हरित हाइड्रोजन र हरित युरिया सम्बन्धी घोषणा कृत्रिम बुद्धिमत्ता सम्बन्धी घोषणाभन्दा पनि दीर्घकालीन रूपमा बढी रणनीतिक हुन सक्छ । कृषि क्षेत्रले अझै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपालको ६० प्रतिशतभन्दा बढी जनसंख्यालाई रोजगारी दिएको छ र राष्ट्रिय अर्थतन्त्रको करिब एक चौथाइ हिस्सा ओगटेको छ । नेपालको कृषि अर्थतन्त्रको आकार वार्षिक करिब १.३ देखि १.५ खर्ब रूपैयाँ (करिब ९.६ देखि ११ अर्ब अमेरिकी डलर) रहेको अनुमान छ । नेपालले अहिले वार्षिक ८ लाख टनभन्दा बढी मल आयात गर्छ भने वास्तविक माग १० लाख टनभन्दा बढी रहेको अनुमान छ । यदि नेपालले अतिरिक्त जलविद्युत् प्रयोग गरेर स्वदेशमै हरित हाइड्रोजन र हरित युरिया उत्पादन गर्न सक्यो भने यसले सम्पूर्ण अर्थतन्त्रमा ठूलो उत्पादनशील प्रभाव सिर्जना गर्न सक्छ । भरपर्दो मल आपूर्ति, सिंचाइ, यान्त्रीकरण र ऊर्जा एकीकरणमार्फत कृषि उत्पादनशीलता केवल १० प्रतिशतले मात्र बढे पनि कृषि उत्पादन वार्षिक करिब १३० देखि १५० अर्ब रूपैयाँ (करिब १ देखि १.१ अर्ब अमेरिकी डलर) ले बढ्न सक्छ । यदि कृषि उत्पादनशीलता २५ प्रतिशतले बढ्यो भने कृषि उत्पादन करिब ३२५ देखि ३७५ अर्ब रूपैयाँ (करिब २.४ देखि २.८ अर्ब अमेरिकी डलर) ले बढ्न सक्छ, जुन नेपालको हालको कुल गार्हस्थ उत्पादनको करिब ६ देखि ७ प्रतिशत बराबर हुन्छ । त्यही समयमा हरित हाइड्रोजन र हरित युरिया उद्योगले नेपाललाई आवश्यक ठूलो परिमाणको औद्योगिक विद्युत् माग सिर्जना गर्नुका साथै आयातित मल र जीवाश्म इन्धनमाथिको निर्भरता घटाउन सक्छ ।

नेपालको आयात निर्भरता कति ठूलो छ भन्ने कुरा विदेशी मुद्रा बाहिरिने रकमले स्पष्ट देखाउँछ । नेपालले अहिले वार्षिक २ अर्ब अमेरिकी डलरभन्दा बढी पेट्रोलियम पदार्थ आयात गर्छ। कोइला आयात वार्षिक ७० देखि ९० अर्ब रूपैयाँ (करिब ५२० देखि ६७० मिलियन अमेरिकी डलर) बराबर रहेको अनुमान छ भने एलपी ग्यास आयात ५५ देखि ६० अर्ब रूपैयाँ (करिब ४०० देखि ४५० मिलियन डलर) भन्दा बढी छ । यसमा मल आयात र सुख्खा मौसममा भारतबाट आयात गरिने जीवाश्म इन्धनबाट उत्पादित महँगो विद्युत् जोड्दा नेपालबाट वार्षिक ४ अर्ब अमेरिकी डलरभन्दा बढी विदेशी मुद्रा बाहिरिरहेको छ । यदि नेपालले यी आयातित पेट्रोलियम, कोइला, मल र एलपी ग्यासको केही हिस्सा मात्र पनि स्वदेशी हरित ऊर्जाले प्रतिस्थापन गर्न सक्यो भने वार्षिक २ देखि ३ अर्ब अमेरिकी डलर बराबर बचत सम्भव हुन सक्छ । यो रकम वर्तमान विनिमय दरअनुसार करिब २७० देखि ४०० अर्ब रूपैयाँ बराबर हुन्छ । यो रकम नेपालको कुल वार्षिक पूँजीगत बजेट ४०७ अर्ब रूपैयाँको लगभग बराबर हो र अहिले



ऋण भुक्तानी तथा वित्तीय व्यवस्थापनमा खर्च हुने रकमसँग पनि लगभग बराबरी गर्छ । त्यसैले आयात घटाउनु केवल वातावरणीय उद्देश्य मात्र होइन, नेपालको सबैभन्दा ठूलो वित्तीय स्थिरता र पूँजी निर्माण रणनीतिमध्ये एक हुन सक्छ ।

डा. वाग्लेले प्रस्तुत गरेको बजेटको आशावाद त्यसैले पूर्ण रूपमा अवास्तविक होइन। नेपालसँग जलविद्युत् सम्भावना, कृषि आधार, भौगोलिक रणनीतिक स्थिति र बढ्दो दक्ष जनशक्ति उपलब्ध छ । ७ प्रतिशत आर्थिक वृद्धिको दृष्टिकोण सिद्धान्तत: सम्भव छ । तर नेपालले विप्रेषण आधारित उपभोग, आयात कर र ऋण विस्तारमात्रैमा निर्भर रहेर यस्तो रूपान्तरण हासिल गर्न सक्दैन । यो आर्थिक दृष्टिकोणको सफलता वा असफलता अन्तत: नेपालले आफ्नो अतिरिक्त ऊर्जालाई आयात प्रतिस्थापन गर्ने, कृषिलाई सुदृढ बनाउने, निर्यात बढाउने र दीर्घकालीन आर्थिक स्थायित्व निर्माण गर्ने उत्पादनशील घरेलु उद्योगमा रूपान्तरण गर्न सक्छ कि सक्दैन भन्ने कुराले निर्धारण गर्नेछ । नेपालको भविष्य अन्तत: कति विद्युत् उत्पादन गर्छ भन्ने कुराले मात्र होइन, त्यो विद्युतलाई औद्योगिक क्षमता, राष्ट्रिय उत्पादनशीलता र वास्तविक आर्थिक सार्वभौमिकतामा रूपान्तरण गर्न सक्छ कि सक्दैन भन्ने कुराले तय गर्नेछ ।

# जेनजी शासनको परीक्षा

**प्रेमसागर पौडेल**

नेपाल नयाँ पुस्ता, सुशासन र परिणाममुखी शासनको अपेक्षातर्फ मोडिएको संक्रमणकालीन चरणमा छ । पछिल्ला राजनीतिक घटनाक्रमले मुलुकलाई सामान्य सत्ता परिवर्तनको अवस्थाभन्दा अगाडि लगेर राजनीतिक पुस्तान्तरण, जनआक्रोशको संस्थागत रूपान्तरण र राज्यप्रणालीमाथि विश्वास पुनर्निर्माणको कठिन परीक्षामा उभ्याएको छ । भ्रष्टाचार, बेरोजगारी, महँगी, कमजोर सेवा प्रवाह र राजनीतिक नेतृत्वप्रतिको अविश्वासले जनतामा लामो समयदेखि थुप्रिएको असन्तुष्टि अहिले शासन प्रणालीको मूल मुद्दा बनेको छ । नेपाली समाज अब केवल आश्वासन, गठबन्धन-गणित र भागबण्डामुखी शासनबाट सन्तुष्ट छैन । जनता छिटो परिणाम, पारदर्शी शासन, भ्रष्टाचारमाथि कारबाही, रोजगारी सिर्जना, प्रशासनिक अनुशासन र सम्मानजनक सेवा चाहन्छन् । जेनजी सरकार यही पृष्ठभूमिमा बनेको हो ।

वर्तमान सरकारको मुख्य चरित्र जनादेश, अपेक्षा र परीक्षा हो । यो सरकार केवल संसदीय अंकगणितको उपज होइन, जनआक्रोश र परिवर्तनको चाहनाबाट जन्मिएको राजनीतिक परिस्थिति हो । राज्य संयन्त्र पुरानै छ, कर्मचारीतन्त्रको ढिलासुस्ती यथावत् छ, न्याय प्रणाली सुस्त छ, सुरक्षा संयन्त्रमा सुधारको आवश्यकता छ, संवैधानिक निकायहरूको विश्वसनीयता चुनौतीमा छ र प्रदेशदेखि स्थानीय तहसम्म नीतिगत तथा प्रशासनिक असंगति देखिन्छ ।

यो सरकारको सबैभन्दा बलियो राजनीतिक आधार भ्रष्टाचार विरोधी जनमत हो । तर भ्रष्टाचारविरोधी अभियान सफल हुनका लागि कारबाही प्रतिशोधजस्तो देखिनु हुँदैन । छानबिन निष्पक्ष, प्रमाण बलियो, प्रक्रिया पारदर्शी र कानुनी आधार दह्रो हुनुपर्छ । अन्यथा भ्रष्टाचारविरोधी अभियान कमजोर हुनसक्छ ।

आन्दोलन, दमन, मानवअधिकार उल्लंघन र राज्यशक्तिको दुरुपयोग सम्बन्धी विषयमा पनि सरकारको परीक्षा गम्भीर छ । पीडितले न्याय पाउनुपर्छ, दोषीले कानुनी दायरामा आउनुपर्छ र सुरक्षा निकायको भूमिका लोकतान्त्रिक मान्यताभित्र रहनुपर्छ । त्यसका लागि भावनात्मक कारबाही होइन, विधि, प्रमाण र न्यायिक प्रक्रियाको सम्मान आवश्यक छ । कानुनी प्रक्रियालाई कमजोर बनाएर गरिएको कुनै पनि निर्णय दीर्घकालीन रूपमा सरकारकै लागि प्रतिकूल हुनसक्छ ।

आर्थिक क्षेत्रमा नेपालको चुनौती अझ गहिरो छ । मुलुकको अर्थतन्त्र रेमिट्यान्समा धेरै निर्भर छ, उत्पादन कमजोर छ, आयात उच्च छ, रोजगारीका अवसर सीमित छन् र ठूलो युवा जनशक्ति रोजगारीका लागि विदेशिन बाध्य छ ।

आर्थिक सुधारको सफलता तीन कुराबाट नापिनुपर्छः लगानी बढ्यो कि बढेन, रोजगारी सिर्जना भयो कि भएन र नागरिकको जीवनयापन सहज भयो कि भएन । केवल बजेट भाषण, योजना दस्तावेज वा वैदेशिक लगानी सम्मेलनले अर्थतन्त्र उठ्दैन । लगानीकर्ताले कानुनी स्थिरता, भ्रष्टाचाररहित सेवा, कर प्रणालीको स्पष्टता, जग्गा तथा पूर्वाधारको उपलब्धता, श्रमशक्ति र नीतिगत निरन्तरता खोज्छन् । सरकारले निजी क्षेत्रलाई उत्तरदायी साझेदारका रूपमा लिनुपर्छ ।

सेवा प्रवाह सरकारको सबैभन्दा प्रत्यक्ष परीक्षा हो । सरकारको सफलता संसद, भाषण वा घोषणाबाट होइन, मालपोत, यातायात, राहदानी, अस्पताल, विद्यालय, प्रहरी, कर कार्यालय, स्थानीय तह र अदालतमा पाउने सेवाबाट मापन गर्छन् । घुस नदिई काम भयो भएन, फाइल हरायो हराएन, समयमै सेवा पाइयो पाइएन, सम्मानपूर्वक व्यवहार पाए पाएनन् भन्ने कुराले राज्यप्रतिको विश्वास निर्धारण गर्छ ।

यसका लागि डिजिटल शासन, फाइल ट्र्याकिङ, सेवा समयसीमा, कर्मचारी मूल्याङ्कन, सार्वजनिक उजुरी प्रणाली र भ्रष्टाचारमा तुरुन्त कारबाही अत्यावश्यक छन् । केवल निर्देशन दिएर प्रशासन बदलिँदैन । प्रणाली बदल्नुपर्छ ।

राजनीतिक स्थिरताको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ । नेतृत्वको परिपक्वता र विपक्षसँग लोकतान्त्रिक संवाद आवश्यक हुन्छ । विपक्ष कमजोर देखिए पनि समाप्त भएको छैन । पुराना दलहरूको राज्य संरचनामा अझै प्रभाव छ । त्यसैले सरकारले आलोचनालाई शत्रुता होइन, सुधारको संकेतका रूपमा लिनुपर्छ । लोकतन्त्रमा बलियो सरकारलाई पनि बलियो जवाफदेहिता चाहिन्छ ।

प्रदेश संरचनाप्रति जनतामा असन्तुष्टि छ । धेरैले प्रदेशलाई खर्चिलो, अस्पष्ट र दलगत भागबण्डाको केन्द्रका रूपमा हेर्छन् । तर संविधानले संघीयतालाई राज्य संरचनाको आधार बनाएको छ । त्यसैले संघीयता प्रश्नचिन्हमा छ । र,

मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अधिकार पनि अहिलेका प्रमुख प्रश्न हुन् । सामाजिक सञ्जाल, अनलाइन अभिव्यक्ति, साइबर अपराध, दुष्प्रचार र घृणास्पद भाषण नियन्त्रणको आवश्यकता छ ।

परराष्ट्र नीति तर्फ नेपालले भावनात्मक, असन्तुलित वा क्षणिक लाभमुखी नीति अपनाउन सक्दैन । भारतसँग सीमा, व्यापार, पारवहन, ऊर्जा, श्रम, सांस्कृतिक सम्बन्ध र सुरक्षा संवाद महत्त्वपूर्ण छन् । चीनसँग पूर्वाधार, व्यापार, पर्यटन, सीमा नाका, लगानी, सांस्कृतिक आदानप्रदान र क्षेत्रीय सम्पर्कका विषय महत्त्वपूर्ण छन् । अमेरिका, युरोप, खाडी मुलुक, मलेसिया, कोरिया, जापान र अन्य साझेदारहरूसँग विकास, रोजगारी, प्रविधि, शिक्षा र लगानीका सम्बन्ध विस्तार गर्नुपर्छ ।

सुरक्षा नीतिमा पनि नयाँ सोच आवश्यक छ । आजको सुरक्षा सीमा चौकी र प्रहरी कारबाहीमा मात्र सीमित छैन । डिजिटल सुरक्षा, सूचना-युद्ध, सामाजिक असन्तोष, बेरोजगार युवा, सीमापार अपराध, मानव बेचबिखन, लागुऔषध, आर्थिक अपराध, भ्रष्टाचार र सार्वजनिक विश्वास पनि राष्ट्रिय सुरक्षाका विषय हुन् ।

वर्तमान सरकारका बलिया पक्षहरू स्पष्ट छन् । यससँग परिवर्तनको जनादेश छ, युवापुस्ताको आशा छ, भ्रष्टाचारविरोधी नैतिक आधार छ, पुरानो राजनीतिक थकानपछि नयाँ नेतृत्वको अवसर छ र परिणाममुखी शासनको अपेक्षा छ ।

तर जोखिम पनि गम्भीर छन् । अपेक्षा धेरै ठूलो छ, परिणाम दिन समय लाग्छ । लोकप्रियता शासनको विकल्प होइन । अनुभवको कमी, प्रशासनिक प्रतिरोध, पुराना राजनीतिक शक्तिको चुनौती, आर्थिक सीमितता, अन्तर्राष्ट्रिय दबाब, सामाजिक सञ्जालको तीव्र आलोचना र जनधैर्यताको कमी सरकारका लागि चुनौती बन्न सक्छन् । समग्रमा हेर्दा नेपालको वर्तमान राजनीतिक अवस्था अवसर र जोखिम दुवैको संगम हो । पुरानो अस्थिरता, भ्रष्टाचार, बेरोजगारी, प्रशासनिक अक्षमता र जनअविश्वासले नयाँ राजनीतिक परिस्थिति जन्माएको छ ।

नेपाललाई अहिले नारा होइन, नीति चाहिएको छ । आक्रोश होइन, संस्थागत सुधार चाहिएको छ । लोकप्रियता होइन, परिणाम चाहिएको छ । प्रतिशोध होइन, न्याय चाहिएको छ । सत्ता होइन, सेवा चाहिएको छ ।

वर्तमान सरकारसँग ऐतिहासिक अवसर छ । यदि उसले सुशासनमा निष्पक्षता, अर्थतन्त्रमा रोजगारी, प्रशासनमा सेवा, परराष्ट्रमा सन्तुलन, संघीयतामा सुधार र राजनीतिमा विनम्रता देखाउन सक्यो भने नेपाल नयाँ दिशातर्फ अघि बढ्न सक्छ । तर यदि जनादेशलाई अहंकार, लोकप्रियतालाई नीति र कारबाहीलाई प्रतिशोधमा बदलियो भने यो अवसर पनि अघिल्ला धेरै राजनीतिक अवसरहरूझैं खेर जान सक्छ । नेपालको भविष्य आजको सरकार मात्र होइन, राज्यका सबै संस्था, नागरिक समाज, मिडिया, निजी क्षेत्र, युवापुस्ता, विपक्षी र आम नागरिकको सामूहिक जिम्मेवारीमा निर्भर छ । तर सरकार नेतृत्वमा भएकाले सबैभन्दा ठूलो जिम्मेवारी उसकै काँधमा छ । यही जिम्मेवारी पूरा गर्न सके वर्तमान राजनीतिक परिवर्तन इतिहासको नयाँ सुरुवात बन्न सक्छ; नसके यो पनि अस्थिरता, निराशा र अधुरो आशाको अर्को अध्याय बन्नेछ ।

# नेपालमा बढेको इन्डोपश्चिमा चासो र सम्भावनाहरु



**डा. केशव देवकोटा**

नेपालमा विदेशी चासो नयाँ नयाँ ढंगले देखापर्नेक्रम जारीरहेको छ । नेपालको सत्तारूढ दल रास्वपाका सभापतिको भारत भ्रमण र त्यसको पूर्व सन्ध्यामा नेपालमा घटेको पछिल्ला घटनाक्रमहरूले यहाँ इन्डो पश्चिमा शक्तिको चासो बढेको देखिएको छ । गत शनिबारमात्रै फेरी अमेरिकी विदेश मन्त्रालयको सार्वजनिक कूटनीतिसम्बन्धी उपविदेशमन्त्री सारा बी रोजर्स काठमाडौं आएर राजनीतिक वार्ता थालेको र गत आइतबार नेपालका प्रधानमन्त्रिले भारतलाई रिझाउनेगरी नेपाललेनै भारतीय भूमी अतिक्रमण गरेको भनि दिएको अभिब्यक्तिले धेरै कुराहरू खुलेका छन् । भारतको नयाँदिल्लीमा गत मे २६ मा इन्डो-प्यासिफिक क्षेत्रको रणनीतिबारे छलफल भएको थियो । जसमा चीनलाई घेर्नको लागि यसअघि अमेरिकी नेतृत्वमा बनाइएको क्वाड समूहका जापान, अष्ट्रेलिया, भारत र अमेरिकाका विदेशमन्त्रिहरूको उपस्थिति रहेको थियो । सो समूहले इन्डो-प्यासिफिक क्षेत्रले चीनको दबदबा नस्वीकार्ने दोहोऱ्याएको थियो । पछिल्ला दिनमा भारत र अमेरिका नजिकिएको र चीन र भारत टाडिएको अवस्थामा अमेरिकाका विदेशमन्त्रिको अकस्मात भारतको भ्रमण भएको थियो । गत मे २३-२६ मा भएको उक्त भ्रमण र त्यहाँ भएको क्वाडको बैठकको तरंग हाल नेपालसम्म आइपुगेको देखिएको छ । क्वाड एक अनौपचारिक रणनीतिक सुरक्षा समूह हो । जसको मुख्य उद्देश्य इन्डो-प्यासिफिक क्षेत्रलाई मुक्त, खुला राख्नु तथा हिन्द-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावलाई निरूत्साहितगर्न रहेको देखिन्छ । त्यसक्रममा अमेरिकी विदेशमन्त्रि मार्को रूबियोले भारतका प्रधानमन्त्रि नरेन्द्र मोदीसँग वार्ता गर्नुभएको थियो । वार्ताको मुख्य बिषय इन्डो पश्चिमा गठबन्धनलाई थप मजबुत बनाउने र भारत र अमेरिकाका बीचमा सुरक्षा सहकार्यगर्ने बिषयमा केन्द्रित रहेको थियो ।

दिल्लीमा भएको क्वाडको बैठकको चीनले तत्काल प्रतिवादगर्दै त्यसका निर्णयहरू कार्यान्वयन नगर्न चुनौतीसमेत दिइसकेको छ । त्यसलगत्तै गत शुक्रबार अमेरिकी विदेश मन्त्रालयको सार्वजनिक कूटनीतिसम्बन्धी उपविदेशमन्त्री सारा बी रोजर्स र भारतीय अधिकारीहरू बीच दुईदेशको सम्बन्ध र रक्षा सहकार्यबारे थप वार्ता भएको बुझिएको छ । रोजर्स गत शनिबार काठमाडौं आइपुग्नुभएको थियो । उहाँले गत आइतबार उच्चस्तरी भेटघाट गर्नुभएका समाचारहरू बाहिर आएका छन् । रास्वपाका वालेन शाहको नेतृत्वमा नयाँ सरकार गठनपछि नेपाल आउने रोजर्स अहिलेसम्मकै सबैभन्दा वरिष्ठ अमेरिकी कूटनीतिज्ञ भएको बताइन्छ । उहाँको नेपाल भ्रमणलाई काठमाडौंस्थित अमेरिकी दूतावासले पनि बिशेष महत्व दिएको देखिएको थियो । नेपालमा नयाँ सरकार गठन भएयता अमेरिकाबाट लगातार उच्चस्तरीय अधिकारीहरूको भ्रमण भैरहेको छ । यसअघि दक्षिण तथा मध्यएशिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री समीर पल कपुर र अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पका दक्षिण तथा मध्य एशिया विशेषदूत सर्जियो गोर तथा केही उच्च तहका सैन्य अधिकारीहरूले नेपालको भ्रमण गर्नुभएको थियो । सबैको जोड नेपालसँग सुरक्षा सहकार्यमै रहेको देखिएको छ । त्यसैले अब नेपालको आन्तरिक राजनीति अमेरिकाको चाहनाअनुसार अगाडि बढ्ने संकेतहरू देखिएका छन् । ०६३ को परिवर्तनपछि नेपालको शासन सत्तामा आएकाहरूले अमेरिकी चाहनाअनुसारको राजनीतिक ब्यवस्था स्थापना गराउनुकासाथै नेपालको संसदबाट एमसीसी पारित गराएर कानूनीरूपमै अमेरिकाको हात माथिपार्ने काम गरेका थिए । त्यसपछि चीनले खुलेरै नेपालले आफूहरूलाई एक्ल्याउने प्रयास गरेको भनेको थियोभने भारतले पनि नेपालमा पछिल्ला सरकारहरूलाई नरूचाएको देखिएको थियो ।

त्यसैले उसले गत भदौं २३ र २४ गतेको बिध्वंशपछि गठन भएको चुनावी सरकारको मुक्त कण्ठले बारम्बार प्रशंसा गरेको थियो । तर पछिल्ला सरकारप्रति केही संसय ब्यक्त गरेको देखिन्थ्यो । ०६३ पछि नेपालको शासन सत्तामा आएकाहरूले नेपालमा गणतन्त्रको स्थापना गराएपनि त्यससँगसँगै राजनीतिक अस्थिरताकोसमेत बिजारोपण गरेका थिए भन्ने कुरा पछिल्ला घटनाक्रमहरूले स्पष्ट गरेका छन् । त्यसैले अचेल धेरैले नेपालको गणतन्त्र जसले ल्यायो, उसैले सिध्यायोभन्ने गरेका छन् । नेपालमा गणतन्त्र स्थापनापछि सरकारहरू बारम्बार परिवर्तन भएका छन् । गठबन्धन राजनीति, दलहरूभित्र बढ्दो गुटबन्दी र पार्टीहरूमा नेतृत्वको संघर्ष बढेको छ । जसले गणतन्त्रको कार्यान्वयनलाई नै कमजोर र बिकृत बनाएको छ । नेपालमा राजनीतिक अस्थिरता लामो समयदेखि चर्चा र चिन्ताको विषय पनि बनेको छ । धेरै राजनीतिक दलहरूमा नेतृत्व, बिचारधारा वा शक्ति बाँडफाँडका विषयमा विवाद देखिएको छ । जसले राष्ट्रिय राजनीतिमा असर समेत गरेको छ । ०७२ को संविधानपछि नेपालमा संघीय शासन लागू भए पनि केन्द्र, प्रदेश र स्थानीय तहबीच अधिकार तथा श्रोतको समन्वयमा अझै चुनौती र बिवादहरू रहेका छन् ।

हरेक सरकार परिवर्तनसँगै प्राथमिकता र कार्यक्रमहरू पनि परिवर्तन हुने प्रवृत्तिले दीर्घकालीन विकास योजनाहरू प्रभावित भएका छन् । भ्रष्टाचार कायमै रहेको र विकासको अपेक्षित गति नदेखिँदा नागरिकहरूमा राजनीतिक नेतृत्वप्रति असन्तोष बढेको छ । खासगरी संसदवादी दलहरूबीच अझैपनि नीतिगत सहमति, लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, सुशासन र जवाफदेहितामा सुधार तथा दीर्घकालीन राष्ट्रिय प्राथमिकताहरूमा निरन्तरता दिने बिषयमा सहमति कायम हुन सकेको छैन । जसको समाधान व्यापक राजनीतिक प्रतिबद्धता र संस्थागत सुधारबाटमात्र सम्भव छ । त्यसैगरी नेपालमा आर्थिक चुनौतीहरू पनि बढ्दैगएका छन् । उत्पादनमूलक क्षेत्रको कमजोर विकास, उच्च बेरोजगारी, युवा जनशक्तिको विदेश पलायन, हरेक कुराको आयातमा निर्भरता र सीमित औद्योगिकीकरणले आर्थिक संकट बढाउने काम गरेको छ । जसले राज्यप्रतिको जनविश्वासमा समेत नकारात्मक असर गरेको छ । नेपालका प्रमुख आर्थिक चुनौतीहरूमा आयातमा अत्यधिक निर्भरता, रेमिटेन्समा निर्भरता, बेरोजगारी र युवा पलायन, औद्योगिकीकरणमा त्रुटी, कृषि क्षेत्रको कम उत्पादकत्व र पूर्वाधार विकासका चुनौती आदि रहेका छन् । नेपालले पेट्रोलियम पदार्थ, सवारीसाधन, औद्योगिक कच्चा पदार्थदेखि दैनिक उपभोग्य वस्तुसम्म ठूलो मात्रामा आयात गरिरहेको छ ।

निर्यातको तुलनामा आयात बढी भएकाले व्यापार घाटा निरन्तर बढ्दो छ । विदेशमा कार्यरत नेपालीहरूले पठाउने रेमिटेन्सले अर्थतन्त्रलाई ठूलो टेवा दिएको बताउने गरिएको थियो तर पछिल्लो समयमा इरान अमेरिका युद्धले नेपालीहरूको वैदेशिक राजगारीनै संकटमा परेको छ । देशभित्र पर्याप्त रोजगारी सिर्जना हुननसक्दा धेरै युवाहरू विदेश जान बाध्य छन् । त्यसैगरी उद्योग क्षेत्रको योगदान पनि अपेक्षाकृतरूपमा कम रहेको छ । ऊर्जा, पूर्वाधार, लगानी वातावरण, र प्रशासनिक जटिलताले औद्योगिक विकासलाई सीमित गरेको छ । कृषिमा ठूलो जनसंख्या निर्भर भएपनि आधुनिक प्रविधि, सिँचाइ, भण्डारण, र बजार पहुँचको कमिले उत्पादन क्षमता अपेक्षित स्तरमा पुग्नसकेको छैन । सडक, रेल, ऊर्जा प्रसारण, सूचना प्रविधि लगायतका पूर्वाधारमा सुधार भएपनि आवश्यकताको तुलनामा अझै ठूलो लगानी आवश्यक देखिएको छ । कमजोर पूर्वाधारले उत्पादन लागत बढाउने र प्रतिश्पर्धात्मकता घटाउने काम गरेको छ । वैदेशिक तथा स्वदेशी लगानीकर्ताले नीति अस्थिरता, प्रशासनिक ढिलाइ र नियामकीय जटिलतालाई चुनौतीकारूपमा उल्लेखगर्ने गरेका छन् । जसले लगानी प्रवाहलाई सीमित गरेको देखिएको छ । राजस्व संकलन, सरकारी खर्चमा मित्तब्ययिता, विकास बजेटको कार्यान्वयनमा सुधार आवश्यक देखिएको छ । त्यसैगरी पछिल्ला बर्षहरूमा नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासनका समस्याहरू पनि रहेका छन् । नेपालमा भ्रष्टाचार र कुशासनको अवस्था सार्वजनिक बहसको प्रमुख विषय बनेका छन् । नेपालमा सार्वजनिक खरिद, विकास आयोजना, सरकारी सेवा प्रवाह, भूमि प्रशासन, कर प्रशासन तथा राजनीतिक वित्तीय पारदर्शितासँग सम्बन्धित क्षेत्रमा भ्रष्टाचारका आरोप बारम्बार उठ्ने गरेका छन् ।

भ्रष्टाचारले राज्यका श्रोतहरूको दुरूपयोग गराउने, विकासको गति सुस्त बनाउने, लगानीको वातावरण कमजोर पार्ने र नागरिकको राज्यप्रति विश्वास घटाउने अवस्था सिर्जना गरेको छ । त्यसैगरी सत्ता र शक्तिमा रहेका दलहरूप्रतिको विश्वास घट्दो छ । प्रमुख राजनीतिक दलहरूले जनतासामु गरेका प्रतिबद्धता पूरागर्न नसकेको आरोप बारम्बार लाग्नेगरेको छ । परिणामस्वरूप वैकल्पिक शक्ति वा व्यवस्थासम्बन्धी बहसहरू पनि समय-समयमा तीव्र हुनेगरेका छन् । संघ, प्रदेश र स्थानीय तहबीच अधिकार, श्रोतसाधन र जिम्मेवारीको स्पष्ट तथा प्रभावकारी समन्वयमा कठीनाइ देखिएको छ । यस्तो अवस्थामा नेपालको छिमेकी भारत र आवश्यकता भन्दा बढी चासो राख्दै आएको अमेरिकाका बीचमा फेरी नयाँ गठबन्धन भएकाले त्यसको गंभिर असर नेपालमा पर्ने देखिएको छ । जुन हालको अवस्थामा बिचारणीय पक्ष भएको छ ।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# लेख्न नपर्ने कुराहरू मा लेख्न पर्ने कुराहरू



कृति/समीक्षा : चिरञ्जीवी दाहाल-

वि. सं. २०११ सालमा चितवनमा जन्मिएका रामबाबु घिमिरे लामो समयसम्म प्राध्यापन पेशामा सङ्लग्न रहेर हाल साहित्य र समाजसेवाको क्षेत्रमा सक्रिय रहँदै आएका सम्मानित व्यक्तित्व हुन् । हाल रत्ननगर नगरपालिका वार्ड नं २ लाई आफ्नो स्थायी बासस्थान बनाएका घिमिरे रत्ननगर वाङ्मय प्रतिष्ठानका वर्तमान एवं संस्थापक अध्यक्ष हुन् भने वाल्मीकि साहित्य सदनका सभापति समेत हुन् । निबन्ध लेखनको क्षेत्रमा विशिष्ट उचाइ बनाइ सकेका घिमिरेका "म हरेस खान थालेको छु - २०४७ (निबन्ध सङ्ग्रह), " लेख्न नपर्ने कुराहरू - २०५६, २०६६, ( निबन्ध सङ्ग्रह) , अनर्गल प्रलाप - २०६६ ( निबन्ध सङ्ग्रह) जस्ता उत्कृष्ट निबन्ध सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् भने रित्तो आकास २०३२ ( उपन्यास), मुक्तक सङ्ग्रह (२०५६) प्रकाशित भइसकेका र साहित्यिक बजारमा लोकप्रियताको शिखर चुमिसकेका कृतिहरू हुन् ।

लामो समयदेखि हालसम्म वाल्मीकि साहित्य सदनको मुखपत्र सम्प्रेषणका प्रधानसम्पादक समेत रहेका घिमिरे सादा जीवन र उच्च विचारलाई आत्मसात् गर्ने व्यक्तित्व हुन् । अत्यन्त मितभाषी, सरल, शान्त स्वभाव र बौद्धिक व्यक्तित्वका धनी घिमिरेद्वारा सिर्जित निबन्ध सङ्ग्रह " लेख्न नपर्ने कुराहरू" अध्ययन गरिरहेको छु । यो कृति आकारमा त्यति ठूलो छैन तर यसले समस्त पाठकहरूलाई भने ठूलो पाठ सिकाएको छ । विशाल आकारका ग्रन्थहरूमा अटाउन नसक्ने कुरा, साना पुस्तकहरूमा सहजै अटाउन सक्छन् । यस कृतिमा निजात्मक निबन्धमा हुनुपर्ने सबै गुणहरू छन् र यो निजात्मक निबन्धहरूको नमूना निबन्धसङ्ग्रह हो भन्न सकिन्छ ।

कृतिमा जम्मा ६१ +२० गरी कूल ८१ पेजमा १८ थान सुन्दर निजात्मक निबन्धहरू छन् । राष्ट्रियता र मनस्ताप, अमर बनेका मृत क्षणहरू, सम्पादकीय भित्र प्रधानसम्पादक, लेख्न नपर्ने कुराहरू, अप्रासङ्गिक कुराहरू, टिकटको लागि साझाको टिकट, समाजवाद र रक्सी, आसन्न आपत्ती र विमा, सम्झौता, रातारात प्रख्यात, मदिरा र नारी स्वतन्त्रता, अपदस्त हुँदा, भवितव्य पर्यो भने, एउटा कुकुर र घर तीन शहरमा, नारी देह मूल्याङ्कन, गुन्द्रुकको झोल, नरीखुट्टाको हाड र डिस्कोमा एक रात तथा गुरू शीर्षकका निबन्धहरू यस सङ्ग्रहमा समावेश गरिएका छन्। यी निबन्धहरू एकसेएक सुन्दर छन् ।

निबन्ध लेखन कार्य उपन्यास, कथा र नाटक लेखनभन्दा कठिन विषय हो । आलोचकहरू भन्छन्, निबन्ध गद्य विधाको कसी हो । उच्चकोटीको निबन्ध लेखनमा सबैभन्दा महत्वपूर्ण भूमिका भाषाको हुन्छ । घिमिरेको प्रस्तुत निबन्ध सङ्ग्रहमा गुणस्तरीय भाषाको प्रयोग भएकोले उनका निबन्धहरू त्यति नै विकसित र उन्नत देखिन्छन् । यस अर्थमा प्रस्तुत कृति 'लेख्न नपर्ने कुराहरू ' मा भाषा, शैली, विचार र लेखन सीप पूर्ण रूपमा निबन्धकारको नियन्त्रणमा देखिएकाले निबन्धसङ्ग्रह उत्कृष्ट बनेको छ । यसबाहेक, विषयवस्तु बारे विशेष ज्ञान, प्रसस्त अध्ययनका कारण यति सुन्दर र सरल कृति जन्मिएको निक्यौंल निकाल्न सकिन्छ । साहित्यिक तत्वको अभाव भएका निबन्धहरू निष्प्रभावी मानिन्छन् तर वरिष्ठ निबन्धकार रामबाबु घिमिरेले आफ्ना प्राय: सबै निबन्धहरूमा साहित्यिक तत्त्वहरूको भरपुर प्रयोग गर्ने गरेका छन्, जसरी यस निबन्धसङ्ग्रहमा गरिएको छ । यसै कारण उनका निबन्धहरू सुन्दर,आकर्षक र मनछुने खालका हुन्छन् । प्रस्तुत कृति ' लेख्न नपर्ने कुराहरू ' मा उनले निकै सावधानीपूर्वक र वैज्ञानिक रूपमा विषयवस्तुको विश्लेषण गरेका छन् र तर्कको माध्यमबाट, प्राकृतिक नियमहरू पत्ता लगाएर निश्चित मानवीय सिद्धान्तहरू स्थापित गरेका छन् । यसमा समावेश गरिएका सबै निबन्धहरू त्यही आधारभूत तत्वहरूमा निर्भर छन् । जसले गर्दा उनका निबन्धहरूले पाठकको ध्यान आकर्षित गर्न सक्षम भएका छन् । सतहबाट अवलोकन गर्दा गफको शैलीमा देखिने उनका निबन्धहरू वास्तवमा अत्यन्त गहन छन् भने निबन्धहरूमा यथेष्ट मात्रामा बिम्बको प्रयोग भएको पाइन्छ ।

निबन्धकार घिमिरेको कलमलाई कलात्मक रूपमा उत्तेजित गर्ने एउटा तत्व देखिन्छ, त्यो हो शृङ्गारिक प्रसङ्ग । जब उनले निबन्ध लेखनमा शृङ्गारिक रङ पोत्छन् र निबन्धहरू साँच्चै उच्चकोटीका बन्ने गर्छन् । उनी जीवनका भोगाइहरूलाई बिम्बमा उतार्न माहिर छन् । निजात्मक निबन्ध लेखनमा घिमिरेले एउटा मात्र होइन धेरै शिखरको सफल आरोहण गरिसकेको प्रतीत हुन्छ । त्यसैले उनका निबन्धहरू निकै उचाइमा देखिन्छन् ।

वास्तवमा, उनका निबन्धहरूमा विषयवस्तुको उठानदेखि समाप्तिसम्म विषयको मुख्य धागोलाई पछ्याइरहने क्षमता देख्न सकिन्छ र उनले यस शैलीलाई पूर्ण रूपमा अङ्गिकार गरेको पाइन्छ । यदि उनका निबन्धमा पनि विषयवस्तुको धागो चुँडिएको भए निबन्धहरू विषयबाट टाढा पुग्ने थिए र निरस प्रकृतिका हुने थिए । एउटा विषयको आरम्भदेखि अन्त्यसम्म विषयको धागोलाई पछ्याउँदै र लेख्दै जाने क्षमतालाई लेखन कलाको मुख्य विशेषता मान्न सकिन्छ । त्यसैले उनका निबन्धहरू सुन्दर हुन्छन् र प्रस्तुत कृति निकै शानदार साहित्य सामाग्री बन्न पुगेको हो । यति मात्र होइन, निबन्ध लेखनमा उनको शैली आकर्षक र भावनात्मक छ, यसमा उनको व्यक्तित्वको समेत अमिट छाप देख्न सकिन्छ । संसारमा सबै कुरा एकअर्कासँग जोडिएका हुन्छन् । आफ्नै मानसिक संरचना अनुसार, केही मान्छेहरूको दिमागले एउटा सम्बन्धलाई पछ्याइरहेका हुन्छन् । यहाँ निबन्धकारले पनि यसरी नै सम्बन्धहरूलाई पछ्याइरहेका छन् । यिनै सम्बन्धहरू एकअर्कासँग गाँसिएका, पात भित्रका नसाहरू जस्तै चारैतिर फैलिएका छन् । उनी त्यसैलाई निबन्धको शीर्षक दिन्छन् र बिम्बका माध्यमबाट आत्मपरक शैलीमारू अक्षरको बिस्कुन फिँजाए जसरी फिँजाउँछन् र पाठका सामु राखिदिन्छन् । उनका पाठकहरू त्यबाट तृप्त हुन्छन् । समालोचकहरू यस तथ्यमा एकमत छन् कि लेखकको व्यक्तित्व उसको कृतिमा व्यक्त भएको हुन्छ । जसरी साहित्य र समयलाई अविभाज्य मानिन्छ, त्यसरी नै समय र स्थानको प्रतिबिम्ब नभएको साहित्यलाई साहित्यिक प्रगतिको लागि उपयुक्त मानिँदैन । अझै निबन्ध विधामा त साहित्य र व्यक्तित्व बीचको अन्तरक्रिया अपरिहार्य मानिन्छ । त्यसैले कुनै पनि लेखकको व्यक्तित्वलाई उनीहरूको कृतिबाट अलग गरेर हेर्न सकिँदैन । यहाँ, व्यक्तित्वबाट, लेखकको रूचि, अध्ययन, चिन्तन र उनको जीवित प्रकृतिलाई बुझाउँछ । अत: निबन्धकार रामबाबु घिमिरेका निबन्धहरूमा उनको अलग्गै र विशिष्ट प्रकारको पहिचान र प्रभाव देख्न सकिन्छ ।

प्रस्तुत कृतिमा निबन्धकारको कल्पनाशक्ति बेजोडको देखिन्छ भने विशेष गरेर उनको यो निबन्धमा बौद्धिक तत्व हावी भएको पाइन्छ भने कुनै निबन्धमा भावनात्मक तत्वहरू हावी भएका छन् । उनका हरेक निबन्धहरूको शैली एकनासको पाइन्छ । उनका कुनै निबन्धमा विचार प्रमुख रूपमा छन् भने कुनैमा भावनात्मक स्वरूप देख्न सकिन्छ । समग्रमा उनका निबन्धहरू विचार र भावना दुवै तत्वको समिश्रणले बुनिएको छ , त्यसैले उनका निबन्धहरू लोकप्रियताको शिखरमा छन् ।

" लेख्न नपर्ने कुराहरू" निबन्धसङ्ग्रह सिद्धान्तत: गद्य रचना हो जसमा निबन्धकार घिमिरेले कुनै विषयका क्रमिक विचारहरू आकर्षक , रोचक र व्यङ्ग्यात्मक शैलीमा व्यक्त गरेका छन् तर मेरो पाठक मनले भने यस निबन्धसङ्ग्रहलाई गद्य रचना मात्र मान्न बिलकुल तयार छैन, किनकि निबन्ध पढ्दै जाँदा त्यहाँ एक प्रकारको भाव, लय र सङ्गितको जादुमय ध्वनि गुन्जिएको अनुभूति हुन्छ, जसरी अत्यन्त मन परेको श्याम श्वेत सिनेमा हेरिरहँदा दृष्टि भ्रम भएर रङ्गिन चित्र देखिने गर्छ । कताकता निबन्धले छन्द कविताको लय समाते झैँ लाग्छ, नाटकका सम्वादहरूमा हराएको अनुभूति हुन्छ । त्यसैले एकपटक हातमा समाएको कृति अन्तिम पातोमा नपुगी थन्क्याउन मनले मान्दैन ।

निबन्धका आकारको सन्दर्भलाई दृष्टिगत गर्दा उनका निबन्धहरू केही छोटा र केही मध्यम आकारका छन् । लामो निबन्धभन्दा छोटा निबन्धहरू हरेक दृष्टिले उत्कृष्ट र उपयुक्त मानिन्छन् । किनभने लामा निबन्धमा नैबन्धिक सुन्दरता कायम राख्न सकिँदैन । यसैगरी निबन्ध लेखनको सफलता धेरै हदसम्म सुन्दर शैलीमा निर्भर हुने भए पनि, प्रयोग भएका सामग्रीको उपयोगितालाई पनि स्वीकार गर्नुपर्छ । शरीर जतिसुकै सजाइए पनि, जीवन बिना यो सुन्दर देखिँदैन । उनले छनौट गरेका विषयहरू अत्यन्त सुक्ष्म छन् तर मानवीय जनजीवनमा अपरिहार्य छन् । यति मात्र होइन, उनका निबन्धहरू गतिशील र स्पष्ट छन् । यहाँ लेखकले कुनै विषयमा लेख्नुअघि त्यसमा गहिरो अध्ययन मनन गरेर मनमा आएका विचारहरू लेखिएको छ । विषयको परिधि भन्दा बाहिरका कुराहरू यसमा लेखिएको छैन ।

भनि सकिएको छ, निबन्ध लेखनको कार्यमा सबैभन्दा महत्त्वपूर्ण तत्व भाषालाई मानिन्छ । निबन्ध लेखनमा सरल भाषाको प्रयोग गरिएको निबन्ध पठनीय हुन्छन् , सोही अनुरूप ' लेख्न नपर्ने कुराहरू'मा पनि सरल र बोधगम्य भाषाको प्रयोग गरिएको पाइन्छ । भाषामा तरल प्रवाह भएकोले, निबन्ध अध्ययनका क्रममा पाठकले कुनै पनि प्रकारको अवरोध महसुस गर्नु पर्दैन । जटिल भाषाले निबन्धलाई कुरूप बनाउँछ भन्ने कुरामा लेखक सचेत देखिन्छन् । उनले निबन्धलाई तरल प्रवाहमा बगाउन, वाक्यहरूमा प्राकृतिक सम्बन्ध कायम गरेका छन् । हरेक शब्दहरू एकअर्कासँग श्रृंखलाबद्ध रूपमा जोडिएका छन् । श्रमशील भाषाले पाठको प्रवाहलाई कमजोर बनाउँछ । निबन्धमा प्रयुक्त वाक्यहरू छोटा छन् । लामो वाक्यहरूले कहिलेकाहीं आफ्नो अर्थ गुमाउँछन् र औसत पाठकले तिनीहरूलाई राम्ररी पछ्याउन सक्दैनन् । यी सबै कुरा लेखकले राम्रोसँग बुझेका छन् । त्यसैले निबन्धकारले निबन्धका प्रमुख सिद्धान्तलाई आत्मसात गरेका छन् ।

यस सङ्ग्रहमा निबन्धकारले मनका अति सूक्ष्मतम भावना र कल्पनासँगको सहकार्यमा आफ्नै मनभित्र उब्जिएका विचारहरूको गहिरो विश्लेषण गरेका छन् । निबन्धमा कतै शृङ्गार रसको प्रयोग गरिएको छ, कतै व्यङ्ग्यको झटारो प्रहार गरिएको छ । गाँजा, मदिरा र नारीका प्रसङ्गहरू पटकपटक उठाइएका छन् । जीवन र मृत्युका विषयमा गहिरो चिन्तन छ । निबन्धमा आफ्ना अग्रणी र समकालीन साथीभाइहरू समेत समेटिएका छन् । निबन्धमा घर परिवार, साहित्य र समाजका विविध पक्षहरूलाई विस्तृत रूपमा केलाइएको छ । निबन्धकार यहाँ , केही सुन्दर कविताका हरफहरू र नारायण गोपालका गीतहरूमा पोखिन्छन् । यसैगरी निबन्धकार यहाँ, गुन्द्रुकको झोललाई सहानुभूति दिन पुग्छन् , शारीरिक रोगसँग सम्झौता गर्न पुग्छन् । लेखकले यस सङ्ग्रहको शीर्षक 'लेख्न नपर्ने कुराहरू' दिएका छन् मेरो विचारमा निबन्ध लेखनमा लेख्नपर्ने कुराहरू नै यिनै हुन् । स्थूल विषयमा लेखिएका भन्दा सूक्ष्म विषयमा लेखिएका निबन्धहरू झनै सुन्दर र अनमोल हुन्छन् । प्रस्तुत कृति "लेख्न नपर्ने कुराहरू" यसको बलियो प्रमाण हो ।

निबन्धकारले "लेख्न नपर्ने कुराहरू" मा चुनाव, राजनीति र समाजसेवाका प्रसङ्गहरू समेटेका छन् । निजात्मक निबन्धको सौन्दर्य नै यही हो , जहाँ लेखक स्वयं पात्र बन्छन् र समाजमा विद्यमान विकृति र विसङ्गति प्रति प्रहार गर्छन् । मान्छेको मनभित्र अनेको कल्पना र विचारहरू जन्मन्छन् , जन्मिएका विचारहरू कति सकारात्मक हुन्छन् भने कति नकारात्मक पनि हुन्छन् । यहाँ आम मान्छेहरूको मनमा उब्जने तिनै विचार र कल्पना हरूको मजासँग चिरफार गरिएको छ । उनी हरेक मान्छेका मनभित्रका खुशी, रहर, पीडा र व्यथाहरू छताछुल्ल बनाएर पोखिदिन्छन् । प्रस्तुत निबन्धसङ्ग्रह त्यसैको दस्तावेज हो । निबन्धकारले प्रस्तुत गरेका विषयलाई पाठकले आफ्नै कथा ठान्छन् र आफ्नै मनका भावनाहरू कृतिमा लिपिवद्ध भएको ठहर गर्छन् । यसैलाई सफल र उत्कृष्ट निबन्ध लेखन मानिन्छ । भाषा, शैली, बिम्ब र प्रस्तुतिका हिसाबले निबन्ध सङ्ग्रह उत्कृष्ट , पठनीय र सङ्ग्रहणीय छ रू। वरिष्ठ निबन्धकार रामबाबु घिमिरेलाई हार्दिक बधाई ।


(कालिका ६ चितवन ।)

## पानीको अर्थ



अरूणबहादुर खत्री

लघुकथाकार भागीरथी श्रेष्ठको यस कृतिभित्र उनले लेखेका आफ्नै प्रतिबिम्ब, आकाश र बक्सा, अपूर्ण घर, अशान्त नदी, भोज, विवाद लगायत ५४ वटा लघुकथाहरु राखिएका छन् । यस सङ्ग्रहभित्रको आफ्नै प्रतिबिम्ब शीर्षकको पहिलो लघुकथामा मेरो घर विशाल नदीपारिको सुन्दर र विशाल देशमा थियो । म आफ्नो वास्तविक घरमा नगएको धेरै वर्ष भइसकेको थियो । त्यो विशाल नदी तर्नुपर्थ्यो आफ्नो घर जान भनिएको छ । आकाश र बक्सा शीर्षकको लघुकथामा आकाशको फैलावटमा जसले पनि अतिक्रमण गर्न सक्छ । जसले पनि अधिकार जमाउन सक्छ । यो फैलावटलाई रोक्नुपर्छ भनिएको छ ।




अपूर्ण घर शीर्षकको लघुकथामा त्यो विशाल घर तिमीहरुले वनाउन सक्तैनौ । जस जसले जे जे बनाउने जिम्मा लिएका छन् तिनीहरु आफ्नै निजी घर र जग्गालाई स्वर्ण बनाउनतिर लागेका छन् भनिएको छ । अशान्त नदी शीर्षकको लघुकथाभित्र हामीमध्ये कोही डुब्दै उत्रिरहेका छन्, उत्रने डुबिरहेका छन् बग्नेहरु किनारातिर माछाझैँ छटपटिरहेका छन् भनिएको छ ।

लघुकथा खारिएका, माझिएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार भागीरथीले मनन गरेकी छिन् । विषय छनोट कथाकारको महत्वपूर्ण परीक्षणको क्षेत्र हो । यस सङ्ग्रहभित्रका कथाको शीर्षकहरुबाट नै कतिपय कथा व्यक्तिको चरित्र वा स्वभावसँग सम्बन्धित छन् भन्ने स्पष्ट देखिन्छ । कतिपय शीर्षकले घटना, कतिले समस्या, जीवनानुभव र अवस्थाको सङ्केत गरेका छन् । कृतिभित्रका कथामा व्यक्तिगत स्वभाव, सामाजिक परिघटनाहरु र प्रवृत्तिहरुकै चित्रण भएकाले कथाकार शीर्षक चयनमा खप्पिस देखिन्छिन् ।

सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन् । मान्छेका प्रवृत्ति र उसले बिर्सदै गएको आफ्नो धरातल तथा हराइरहेको मानवीय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ । स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन । यही समाजमा रहेका सङ्गत, बिसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नुनै पर्छ । भोज शीर्षकको लघुकथामा मैदानमा मानिसहरु भरिभराउ थिए । म पहिलो खण्डमा गएँ । एउटा सुन्दर र विशाल कुर्सीमा एकजना विशिष्ट व्यक्ति र अन्य कुर्सीहरुमा उसका अफन्त र अन्य व्यक्तिहरु बसेका थिए । उनीहरुको अनुहारमा घमण्डीपना देखिन्थ्यो भनेर लेखिएको छ । विवाद शीर्षकको लघुकथामा बन्द कोठाले भित्रैबाट आकाशलाई सम्बोधन गर्दै उसको कमजोरी फुकाइदिएको छ ।

विरही रुख शीर्षकको कथामा चौतारोमा उभिएको विरही रुखले आँसु झार्दै आकाशको मैदानमा दगुरिरहेका कालो बादलसँग विलाप गर्दै भन्यो एक मेरो बादल, तिमी किन यति निष्ठुर भएर भौतारिरहेका ? तिमी किन नबर्सेको ? म कति धुलाम्य भएको छु । कथाकार भागीरथीले आफूले देखे, भोगेका र अनुभव गरेका तीता टर्रा अनुभूतिजन्य घटनालाई विविध शीर्षक दिएर कथामा उनेकी छिन् । भोक शीर्षकको लघुकथामा त्यो वडेमानको अचम्मको रुख थियो । त्यो रुखको हरेक हाँगाबिँगामा अनेकौ रसदार, मीठा, स्वादिला र ठूलाठूला फलहरु फल्थे । त्यो रुखको फल जसले मनग्गे चाख्न र खान पाउथे भनेर लेखिएको छ । पानीको अर्थ शीर्षकको लघुकथामा पहिलोपल्ट छिमेकी नदीसँग गएर सापट माग्यो पानी आफू बन्नका लागि । मागेजति पानी नपाए पनि जति दियो त्यसैमा बन्नुपर्‍यो ।

प्राचीन रुख शीर्षकको लघुकथामा मानिसहरुको एकोहोरो र औचित्यहीन आसक्ति देखेर अर्को हरियो तन्नेरी रुखले मानिसहरुलाई सम्झाउँदै भन्यो- ए मानिसहरु हो किन त्यो बुढो रुखप्रति अन्धो भक्ति र आसक्ति देखाइरहेछौ ? अब त्यो बृद्ध रुखले सुख दिन छोडेको छ ।

कथा आफैमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्‌मा पूर्ण हुन्छ । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो । छोटो आयाममा जीवन र जगत्‌लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । अन्त्यमा लघुकथाकार भागीरथीको अन्य कृतिहरु पनि पढ्न पाउने बाचा गरेको छु ।

कृति: पानीको अर्थ लेखिका: भागीरथी श्रेष्ठ प्रकाशक: भुँडीपुराण प्रकाशन
सम्पादक: सानुराजा श्रेष्ठ अञ्जान विधा: लघुकथा

## वशिष्ठजस्तै गुरु पाएमा विद्यार्थी पक्कै राम बन्छ



तुम हर बक्त कहते हो 'हम सैनिक बल से जीते हैं'
दूर से ही कोई बोलता है 'हम नैतिक बल से जीते हैं,
दुनिया का हर इंसान आवाज बुलन्द कर कहता है-
'सत्यमेव जयते' मन्त्रद्वारा ही वैदिक बल से जीते हैं

\- **केशवराज आमोदि**



छिमेकी तुच्छ बेवहार देखाई सानालाई थिच्दैछ
दर्जनौं प्रान्तले नपुगी नेपालको सिमाना मिच्दैछ
लिपुलेक र कालापानी त उदाहरण मात्र हुन
रमणीय क्षेत्र ओगटी भारतले नक्सामै खिच्दैछ ।

\- **मनिता बस्न्यात खड्का**



परेलीले आँखा बिजाए जस्तो छ
अन्तै पो भाखा मिलाए जस्तो छ
भेट भएर पो बोलिनन् उनी
मनमनै सानी त रिसाएजस्तो छ ।

\- **गोठाले कान्छो**




विश्वासको त्यान्द्रो चुँडिएर जाँदैन अब, ढुक्क हुनुस्,
सम्वन्ध यो मौसम झै फेरिएर जाँदैन, ढुक्क हुनुस्
समयले जस्तै परीक्षा लिएपनि यो मन भित्र यहाँ,
आत्माको भाव भत्किएर जाँदैन अब, ढुक्क हुनुस् ।

\- **मदनराज थापा**



नसोध्नुस् खै के दियो गणतन्त्रले
हिजोको वाचा बिर्सियो गणतन्त्रले
कसैलाई गज्जवको जागिर दियो
कसैलाई शत्रु सम्झियो गणतन्त्रले ।

\- **उत्तम भेटवाल**



सहिदको रगतको नि हिसाब लेखिएन
गरिबको त कतै नि किताब लेखिएन
सजाए महल तिनकै त्यो लासमाथि टेकेर
मरे जो देशका लागि जवाफ लेखिएन ।

\- **अर्जुन अधिकारी**

## गजल



**सुन्दर रोका**
**दोलखाली**

जादैछु म संसार छोडी बाँची राख्नु तिमी
कल्कलाउँदो तिम्रो जवानी साँची राख्नु तिमी ।

चौतारीको बाटो हुँदै आउँदा मेरो लास
लास माथि फाल्ने फुल भाँची राख्नु तिमी ।

बुझिनौ कि साँचो माया पत्याईनौ मलाई
दोष कस्को थियो यहाँ जाँची राख्नु तिमी ।

खरानी भै मेरो चिता जल्दैगर्दा तिम्रो बिहेमा
पराईको हात समाई नाँची राख्नु तिमी ।





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np


## सम्पादकीय

# एकपल्टको नेपाली, सधैंको नेपाली

हो, एकपल्टको नेपाली, सधैंको नेपाली । रास्वपाको निर्णय यही हो । यही निर्णय बालेन्द्र सरकारले सार्वजनिक गरेको बजेटमा पनि प्रस्तुत भयो । हरेक क्षेत्रमा अधिकार खोजेका एनआरएनए अर्थात प्रवासी नेपालीहरुले अब नेपालको विकास र रोजगारीको सिर्जनामा लगानी गर्ने बेला आयो । माग धेरै भयो, मागको पूर्ति पनि भयो, एकपल्टको नेपाली, सधैंको नेपाली कायम भयो । उनीहरुलाई अरु के के सुविधा दिनुपर्ने हो, राज्य तैयार भयो । राज्यले बजेटमार्फत रोजगारी सिर्जना, विदेशमा सिकेका सीपको सदुपयोग र जन्मभूमिको विकासमा योगदान खोजेको छ । विदेशीएका र विदेशलाई कर्मभूमि बनाएकाहरुले अब स्वदेशका लागि केही गर्ने अवसर आएको छ । राज्यले झ्याल होइन, ढोका खोलिदिएको छ । खोजेको पाएपछि प्रवाशीएका नेपालीहरुले देशका लागि योगदान गरेर जेनजी सरकारलाई सफल पार्नैपर्ने भएको छ । ३७ वर्षको बहुदल फेल भयो, १९ वर्षको गणतन्त्र पनि असफल भयो । यसपछि डरलाग्दो बिद्रोहपछि स्थापित जेनजी सरकारले केही गर्छु, देश बनाउँछु, विधिको शासन स्थापित गर्छु, सुशासन देखाएरै छाड्छु भन्ने प्रतिवद्धता देखाएको छ । यो सरकार पनि फेल भयो भने देशै दुर्घटनामा पर्नसक्नेछ । स्वदेश बनाउने यो अवसर छोपेर जति पनि प्रवाश पुगेका नेपाली छन्, जसले जहाँबाट जे गर्न सकिन्छ, देशका लागि, नेपाली पहिचानका लागि केही गर्नैपर्ने कर्तव्यवोध गर्नुपर्नेछ ।

बिगतका दिनहरुमा एनआरएनहरुले खुब चन्दा दिइरहेका थिए, बृद्धाश्रम बनाउन । अब एनआरएनले आफूले आफैलाई सोध्नुपर्छ- के सन्तानको धर्म भनेको अभिभावक मातापितालाई वृद्धाश्रममा राख्नु मात्र हो ? सन्तानसुखका लागि रातदिन मेहनत गर्ने बुढाबुढीहरु एनआरएन बनेका छोराछोरीले बनाइदिएका बृद्धाश्रममा थकित, पीडित भएर बसेको देखिन्छन् । बुढाबुढीहरुले धेरै दुःख पाएका छ, विदेशीएकाहरु सन्तानहरुले बनाइदिएका बृद्धाश्रम बस्न बाध्य भएका छन् । यो स्थितिमा परिवर्तन ल्याउनुपर्छ । रोजीरोटी र रोजगारीका लागि विदेशीनु पर्ने अवस्थामा परिवर्तन ल्याउनुपर्छ । रोजगारीका अवसरहरु सिर्जना गर्न र योग्यताको कदर हुने वातावरण बनाउनुपर्छ । उत्पादन र निर्यातमा मद्दत गर्नका लागि पनि लगानी गर्नुपर्छ । लगानी र उत्पादनले मात्र देशको परजीवीपनलाई साँघुर्‍याउनेछ । पुराना दल र नेताहरुले देशलाई लुटे भनेर विदेशीएका युवाहरुले बनाएको सरकार हो यो । यो सरकार असफल हुनु भनेको परिवर्तन चाहने सबैको सपना तुहिनु हो । यसकारण पनि विदेशीएका एनआरएनहरुले कसरी लगानी भित्र्याउन सकिन्छ, के कस्तो लगानी गर्न सकिन्छ, यसमा विशेष चासो राख्नुपर्ने समय आयो । भ्रष्टाचारले थिलथिलो भएको देशको दुरावस्थालाई अन्त्य गरी सुशासनयुक्त राजकाज स्थापना गर्नका लागि स्वदेश, विदेश जहाँ जहाँ युवा छन्, तिनले सुझाव दिनुपर्छ, सकेको पसिना सिन्चन गर्नुपर्छ ।

सबैलाई थाहा छ- विश्व वैंकले लामो समयदेखि भन्दै आहएको छ- अबको दुई दशकपछि नेपाल बुढाबुढी र बालबालिकाको देश बन्छ । विश्व बैंकले देखेको छ, हरेक दिन युवाहरु रोजगारीका लागि विदेशीएका छन् । विदेशमा दुःख पाएका छन्, शोषणमा परेका छन् । नाना, खाना र छानाको खोजीमा विदेशीएका युवाहरु कति जेलमा छन्, कति दयनीय जीवन गुजारिरहेका छन्, कति जहाजमा उडेर गएकाहरु बाकसमा फर्किरहेका छन् । यो कारुणिक दृश्यले पनि देशमा परिवर्तन नल्याइ भएको छैन । यो परिवर्तन युवालाई चुनावमा जिताएर सत्तामा पठाउँदैमा केही हुनेवाला छैन । यो त पहिलो पाइलामात्र हो । जब सत्तामा पुगेका युवाहरुले देशको भाग्य र भविष्य कोर्ने राजमार्ग निर्माण गर्नसक्छन्, तब देश आत्मनिर्भरतातिर अग्रसर हुनेछ । खास परिवर्तनका झल्काहरु देखिन थाल्नेछन् । आज देशमा गरिखान पाइन्न भन्ने अवस्था छ, यो अवस्था बदलन पनि एकपल्टको नेपाली सधैंको नेपालीको विश्वास कायम हुनुपर्छ, यही विश्वासले राजनीतिक र कूटनीतिक विश्वास बढ्नेछ । नेपाल कुनै प्रकारको ग्रे वा ब्ल्याक सूचीमा रहनेछैन । तुहिदै र चुहिदै गएको नेपालीप्रतिको विश्व नजरमा आश्वस्तता बढ्नेछ । नेपाली आवाज विश्वभरि नै सुनिन थाल्नेछ । यसका लागि पनि प्रत्येक नेपालीले आत्मविश्वासका साथ देश निर्माणमा लाग्नुपर्छ । यसैका लागि जेनजी सरकारले अगुवाई लिएको हो ।

# रवि र बालेन्द्रले भने हुन्छ– अब राजतन्त्र




राजनीतिक स्थिरता, सुशासन र समृद्धिका लागि संवैधानिक राजतन्त्र अब अनिवार्य भइसकेको छ । राजतन्त्रलाई किनारा लगाउनाले मुलुकले धेरै ठूलो मूल्य चुकाइसक्यो । समाजवाद, सर्वहारावाद वा अन्य प्रजातान्त्रिक पार्टीहरु नेपालको बहुजातीय समाजमा नेपाल निर्माताको मौलो नसमाई सफल हुँनैनसक्ने रहेछ भन्ने पक्का भइसक्यो । राणाले किन श्री ५ बन्न चाहेनन्, वीपी कोइरालाजस्ता नेताले किन राजतन्त्रलाई आवश्यक ठाने, यो विषयमा हरेक पार्टीले चिन्तन मनन र आत्मसमीक्षा गर्नुपर्छ ।

बहुदल आएकै हो, कालरात्रि बनेर अन्धकार भयो । लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्र पनि ल्याएकै हो, भ्रष्टाचारको दलदल बनेर अलोकप्रिय बन्यो । जेनजी पुस्ता र जनताले मिलेर बिद्रोह गरेकै हो र वर्तमान राजनीतिक परिवर्तन आएको हो । यो परिवर्तन ०४६ वा ०६५ सालपछिको जस्तो जनअप्रिय र अलोकतान्त्रिक, भ्रष्ट सावित नहोस्, यसका लागि अब मोही माग्ने ढुङ्ग्रो लुकाउने किन ? बहुदल बहुलाएकै थियो, लोकतान्त्रिक गणतन्त्र ल्याएकै हो । गणतन्त्र गनाएकै हो, यो भाइरसले देशलाई असफलताको कृष्णभीरमा पुर्‍याएकै हो । जुन पद्धतिले देश र जनताको विश्वास गुमायो, त्यसैको प्रतिफल थियो- देशैभरि राजा आउ देश बचाउ भन्ने नारा लागेको । राजालाई प्रदेश प्रदेश, सहर सहरमा निम्त्याएर नागरिक अभिनन्दन गरिएको । यी नागरिक आवाजलाई गणतन्त्रे कानहरुले सुनेनन् । गणतन्त्रे कानहरु व्यभिचारमा व्यस्त थिए । भ्रष्टाचारमा लिप्त थिए । राजनीतिलाई अपराधिकरण गरेर स्वार्थको शिखरमा पुग्न र त्यही शिखरलाई सफलता सम्झिरहेका थिए । बाध्य भएर जेनजी पुस्ताले गत भदौ २३ र २४ मा आन्दोलन र बिद्रोह गर्नुपर्‍यो । २७ घण्टामा बहुदल र लोकतान्त्रिक गणतन्त्रका जग हल्लियो, गणतन्त्र भत्कियो ।

संविधान बाहिरबाट अन्तरिम सरकार बन्यो, त्यही सरकारले फागुन २१ को चुनाव गरायो । न भूतो, न भविष्यति । स्वच्छ चुनाव भयो, जनताले मतादेश दिए । कुनै पनि नेता वा पार्टीले धाँधली भयो भनेनन् । कुनै पनि सञ्चारमाध्यम वा पर्यवेक्षकले समेत धाँधली देखेनन्, लेखेनन् । नेपालमा परिवर्तन भयो, नेपाली जनताले स्वीकार गरे, विश्व जगतले अब नेपालमा विधियुक्त प्रजातान्त्रिक प्रणाली स्थापित हुने विश्वास गरे ।

नतिजा आयो, जनताले मौन बिद्रोह गरेछन् । रास्वपालाई प्रचण्ड बहुमत दिए । रास्वपाका नेता बालेन्द्र साहको नेतृत्वमा सरकार बन्यो । एकजना बाहेक सबै युवाले सत्ताको लगाम समाएका छन् । यो सरकारलाई, जनताले दिएको जनादेशलाई सघाउने पुराना दल, नेताहरु तैयार भएनन् । प्रजातन्त्रमा कुनै पनि सरकारलाई दिनैपर्ने हनिमून पिरियड अर्थात सय दिनको सुविधा पनि बालेन्द्र सरकारले पाएनन् । जनताले किनारा लगाइसकेपछि पनि पुराना दल र नेताहरुको बुद्धि बङ्गारो आएको देखिएन । भर्खर २ महिना भयो सरकार बनेको, यो सरकारका विरुद्ध सडकदेखि संसदसम्म मूर्दावादका नारा लगाइएको छ, जसरी पनि जेनजी सरकार असफल पार्ने हर सम्भव साजिस भइरहेको छ । जसरी बिद्रोह गर्न जनता र युवापुस्ता एक भएका थिए, यो सरकारलाई सफल पार्न र जनअपेक्षा, सहिदका सपना साकार पार्न पनि जनता र युवा पुस्ताले योगदान दिनैपर्नेछ ।

जेठ १५ गते गणतन्त्र दिवस । टुँडिखेलमा राष्ट्रपतिले भाषण दिए, प्रधानमन्त्री बोलेनन् । प्रम बालेन्द्र संसदमा पनि बोलेका छैनन् । उनी सय दिनको कामपछि बोल्ने बताइरहेका छन् । गणतन्त्र दिवसमा गणतन्त्रवादी हुँ भन्ने पूर्व प्रधानमन्त्रीहरु कसैले शुभकामनासम्म पनि दिएनन्, टुँडिखेल पनि गएनन् । सरकारले निम्तो दिएन भनेर पानीमाथिको ओभानो बनिरहेका छन् । यी कस्ता गणतन्त्रवादी हुन्, जसलाई गणतन्त्र दिवसको खुशी मनाउन पनि चुलेनिम्तो दिनुपर्ने ? सत्ता पाए गणतन्त्रवादी हुने, लुट्न पाए लोकतन्त्रवादी बन्ने यस्ता नेताहरुकै कारण हो गणतन्त्र असफल भएको । जेहोस्, गणतन्त्र दिवस कर्मकाण्डमा सिमित रह्यो । लोकतन्त्रप्रति जनताले जयजयकार गरेनन् ।

२०६५ साल जेठ १५ गते गणतन्त्र कार्यान्वयन गरिएको हो । चुनाव हरुवा कांग्रेसी नेता कृष्णप्रसाद सिटौलाको प्रस्तावमा संविधानसभाले टेबुल ठटाएर पास गरेको थियो गणतन्त्रको प्रस्ताव । अर्थात अवैधानिक तरिकाले । सायद यही कारण आमनागरिकले कहिले पनि गणतन्त्रलाई आत्मसात गरेनन्, खुशी मनाएनन् । यसपाली पनि आमनागरिक गणतन्त्र दिवसमा सरिक भएनन् ।

जनताका नेता, प्रधानमन्त्री बालेन्द साहले पनि बोल्न चाहेनन् । कालो ड्रेस लगाएर सांकेतिक असन्तुष्टि जनाइदिए । प्रम बालेन्द्रका सामाजिक सञ्जालमा राजा महेन्द्र, ज्ञानेन्द्रका गीतहरु बज्न थालेका छन् । राजतन्त्र किनारा लगाउनेहरु किनारा लागेपछि र आमनागरिकले परिवर्तनका लागि रास्वपालाई मतादेश दिएर बालेन्द्र साहलाई प्रधानमन्त्री बनाएपछि राजतन्त्र पुनर्स्थापनाको मुद्दा चरम चुलीमा चुलिएको छ । यही सरकारले संविधान संशोधनको बहसपत्र तैयार गर्दा सबैभन्दा बढी सुझाव राजतन्त्र पुनर्स्थापनाकै लागि संकलित भएका छन् । जसरी २०७२ सालको संविधानमा जनताका सुझावको अवमान्ना गरियो, त्यस्तो दुस्साहस बालेन्द्र सरकार र असिम साहको नेतृत्वको संविधान संशोधन बहस पत्र तैयार गर्दा हुँदैनहोस् ।

२०६५ सालमा राजतन्त्र अवैध तरिकाले हटाइएकाले राजतन्त्र र हिन्दुअधिराज्यको मुद्दा राजनीतिक मुद्दा हो । ९४ प्रतिशत जनताको अपेक्षा बेवास्ता गर्नु अप्रजातान्त्रिक हो । देशको स्थिरता र शान्ति, समृद्धि र समानताका लागि समेत राजतन्त्रको मुद्दा किनारा लाग्नैपर्नेछ ।

जनयुद्ध गर्ने माओवादी समाप्त भइसक्यो, उसले नेकपाको काँचुली फेरिसक्यो । जुन जनआन्दोलनले राजतन्त्रलाई निलम्बन गरेर संविधानसभाबाट समाप्त पारेको थियो, ती सबै घटना परिघटनालाई भदौ २३ र २४ को जनविद्रोह र फागुन २१ को ताजा जनादेशले गलत साबित गरिसकेको छ । ती सबै इतिहासमा र राजनीतिक भूल भएका रहेछन् भन्ने प्रमाणित भइसकेको छ ।

जसले नेपाल राष्ट्र निर्माण गर्‍यो, नेपाल निर्मातालाई नेपालीले कसरी बिर्सन सक्छन् र ? सन्तानले आमाबाबुलाई भुल्न सक्छन् र ? संविधानसभाले बनाएको संविधान नै नभएपछि उहिलेका कुरा खुइलिए । अब संविधानको संशोधन हुनेवाला छ । यही संशोधनले नेपालको मौला फेरि ठडिनुपर्नेछ ।

राजनीतिक शक्तिहरु सबैको सम्मान हुनुपर्छ । सबैले आआफ्ना स्थान पाउनुपर्छ । बहुदल गलत तरिकाले चल्यो, चल्न सकेन । गणतन्त्र अपराधीक भएर चल्यो, चल्न सकेन । लोकतन्त्र नामको लूटतन्त्रलाई निरन्तर चलाउने राजनीतिक पार्टी, व्यक्ति, शक्तिहरुलाई जनताले अस्वीकार गरिसके । जनताले परिवर्तन खोजे, परिवर्तन आयो । अब पुराना गल्ती कमजोरी सच्याउने समय आयो ।

आज जनता रास्वपाका सभापति रवि लामिछाने, प्रधानमन्त्री बालेन्द्र साहलाई सुन्न चाहन्छन् । यसरी सिङ्गो मुलुकले सुन्न, देख्न, बुझ्न चाहने नेता बहुदलपछिको ३८ वर्षमा एकजना पनि भएनन् । यसको मूल कारण नेताले राजनीति गरेनन् । नेताले लुटिखानमात्र जाने । अहिलेको नेता जो छन्, उनीहरु जनताका हरेक समस्या समाधान गर्छु भनेर जनतासँग करार गरेर आएका छन्, वाचापत्र सुनाएर आएका छन् । यसकारण वर्तमान नेतृत्वप्रति जनताको भर विश्वास छ । यही भरविश्वासले परिवर्तन ल्याउँछ, ल्याउनुपर्छ । जनताभन्दा माथि कोही हुनेछैनन् । जनता राष्ट्र हो ।

देश लथालिङ्ग भयो । मूहान प्रदूषित भएपछि चुहान प्रदूषित हुनेरहेछ । कर्मचारीतन्त्र, सुरक्षा, न्यायकानुन, कूटनीति अथवा राज्यका हरेक क्षेत्रमा अपराधिकरण । अपराधको धारमा जनताको रोजी, रोटी, शिक्षा, स्वास्थ्य, रोजगारी । परिणाम लोकतन्त्र लूटतन्त्रमा बदलियो । देशको आधार नैतिकता हुनुपर्थ्यो, नैतिकता बहुदलपछि गणतन्त्रमा समेत मैनबत्ती पग्लेजसरी पग्लदै गयो । अर्थतन्त्रको मेरुदण्ड भाँचियो । अर्थमन्त्रीले भन्नुपर्‍यो- नेपालीले सुत्नका लागि समेत ऋण लिनुपर्ने, ऋणको भारले थिचिनु पर्ने अवस्था छ । यो हदसम्मको लूटतन्त्र बनेपछि गणतन्त्र धमिरातन्त्रमाथि मतादेशको हम्मर हानेका हुन् । पुराना दल र नेताहरुले कसरी देश हाँक्ने पद्धतिलाई मजाक बनाएछन् ? जता पनि सेटिङ, जनता पनि लेनदेन । यही स्वार्थका लागि ७६ जना जेनजी पुस्ताको ज्यान लिने यिनै थिए । आक्रोशको आगो बल्नु स्वभाविक थियो, डढेलो लाग्यो । उथलपुथल हुनु नै थियो, भयो । अब निर्माण हुनुपर्छ ।

पार्टीहरुको अव्यवस्था व्यवस्थित गर्ने जिम्मेवारी रास्वपा र बालेन्द्र सरकारले उठाएको छ । सुकुमवासी समस्या, कर्मचारी, शिक्षक, विद्यार्थी र मजदूरका ट्रेड युनियन खारेज गर्ने निर्णय भएका छन् । आम सेवाग्राहीलाई सुलभ सेवा दिन थालिएको छ । अदालतदेखि मन्त्रालय, विभाग, कार्यालयसम्मका दलाली सेटिङहरु भत्काइएका छन् । मुख्य सवाल बालेन्द्र सरकारले राष्ट्रपति, संसदप्रति नकारात्मक दृष्टि राखेको बुझ्न सकिन्छ । अर्थात् रास्वप र बालेन्द्र सरकार अभिभावक पुनर्स्थापना गर्न र कार्यकारी प्रधानमन्त्रीको पद्धतिमा जान चाहेको संकेतहरु देखिन्छन् । अर्थमन्त्री स्वर्णिम वाग्लेले संसदबाटै रास्वपा नवउदारवादी पार्टी भएको प्रष्ट पारिसकेका छन् । खासगरी कम्युनिष्ट र कम्युन्यालिष्ट दलालीको लहरो काट्ने प्रम बालेन्द्रबाट देखिएका संकेतहरुबाट आत्तिएका लुटेरा चरित्रका नेताहरुले सरकारको बिरोध गर्नु स्वभाविक हो । चर्को विरोध रोकिएको छैन ।

कम्युनिष्ट र समाजवादको खोल ओढेका कम्युन्यालिष्ट दलालका लागि रास्वपा र बालेन्द्र सरकार पार्टीको घण्टालाई मृत्युघण्टाको रुपमा बजाउन थालेको आवाज सुन्न सकिन्छ ।

गणतन्त्र होइन, नेपाल राजतन्त्रको पुनर्स्थापनाको धेरै नजिक पुगिसकेको छ । रास्वपाका सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र साहले यो यथार्थ प्रष्ट पारिदिए हुन्छ । बिरोध गर्नेहरु गरिरहेकै छन्, केही फरक पर्दैन । परिवर्तनका लागि कामले गतिलिंदा जनताले जयजयकार नै गर्नेछन् ।

## सर्जक हरि मञ्जुश्री लेख्नुहुन्छ : यी हुन् महिला बिद्रोही

### *महिला आन्दोलनका यी अगुवा –*

*योगमाया न्यौपानेको नेतृत्वमा १९७४ सालमा महिला जागृति सङ्घको स्थापना भयो । रेवन्तकुमारी आचार्यको नेतृत्वमा २००३ सालमा आर्य महिला समाज नामक संस्था बन्यो । मङ्गलादेवी सिंहको नेतृत्वमा २००४ सालमा नेपाल महिला सङ्घ गठन गरियो । पुण्यप्रभादेवी ढुङ्गानाको नेतृत्वमा २००७ सालमा अखिल नेपाल महिला सङ्गठन जन्मियो । कामाक्षादेवी बस्न्यातको नेतृत्वमा २००८ सालमा अखिल नेपाल महिला सङ्घको जन्म भयो । नेपालको महिला आन्दोलनका सन्दर्भमा प्रारम्भिक चरणका यी संस्था र व्यक्तिहरूको योगदानलाई अवमूल्यन नगरौं ।*





### इटालीको संसदभित्र श्रीकृष्णको कीर्तन

इटालीको राजधानी रोममा रहेको संसद भवनमा 'हरेराम हरेराम रामराम हरेहरे हरेकृष्ण हरेकृष्ण कृष्णकृष्ण हरेहरे' भन्ने कीर्तन गाइएछ । सरकारको निमन्त्रणामा इस्कोनबाट गएका व्यक्तिहरूले सांसदहरूको उपस्थितिमा त्यो महामन्त्र गाएका रहेछन् र त्यसको प्रत्यक्ष प्रसारण त्यहाँका टेलिभिजन च्यानलहरूले गरेछन् । यु-ट्युब खोलेर Chanting Hare Krishna In Parliament In Rome, Italy टाइप गरियो भने त्यहाँको कीर्तन सुन्न र दृश्य हेर्न सकिने रहेछ ।

# मी लार्ड, आलोचना प्रजातान्त्रिक आवश्यकता हो, प्रदूषण होइन

कुनै पनि लोकतान्त्रिक प्रणालीको वास्तविक शक्ति केवल चुनाव, संसद र संवैधानिक संस्थाहरूले मात्र निर्धारण गर्दैन, तर शक्तिमाथि प्रश्न उठाउने स्वतन्त्रताको मात्राले निर्धारण गर्छ। यदि पत्रकार, लेखक, बुद्धिजीवी र नागरिकहरूलाई सरकारी नीतिहरूको आलोचना गरेकोमा राष्ट्रविरोधी, देशद्रोही वा संस्थापन विरोधीको रूपमा चिन्ह लगाइयो भने, लोकतन्त्रको सार बिस्तारै कमजोर हुँदै जान्छ। लोकतन्त्रमा, सरकार राष्ट्र होइन; यो केवल सीमित अवधिको लागि जनताद्वारा निर्वाचित अस्थायी राजनीतिक प्रणाली हो । राष्ट्र जनता, संविधान, लोकतान्त्रिक संस्थाहरू र नागरिक अधिकारहरू मिलेर बनेको हुन्छ । त्यसकारण, सरकारको आलोचना गर्नुलाई राष्ट्रको आलोचना मान्न सकिँदैन । यो केवल लोकतान्त्रिक अधिकार मात्र होइन, स्वस्थ लोकतन्त्रको लागि आवश्यक अवस्था पनि हो । इतिहासले यो तथ्यको साक्षी दिन्छ कि जहाँ जहाँ शक्तिले आलोचनालाई दबाउन खोजेको छ, त्यहाँ लोकतान्त्रिक संस्थाहरू कमजोर भएका छन् र नागरिक स्वतन्त्रताहरू खतरामा परेका छन् ।

लोकतन्त्रमा आलोचना र असहमति शत्रुता होइनन् भन्ने कुरा बुझ्नु आवश्यक छ । लोकतन्त्रको जग विविध विचार र स्वतन्त्र बहसमा आधारित हुन्छ । यदि कुनै पत्रकारले सरकारको आर्थिक नीति, प्रशासनिक निर्णय, कानून व्यवस्था, बेरोजगारी, मुद्रास्फीति, भ्रष्टाचार, वा मानव अधिकारका मुद्दाहरूमा प्रश्न उठाउँछ भने, उसले लोकतान्त्रिक जिम्मेवारी पूरा गरिरहेको हुन्छ । उसलाई राष्ट्रविरोधी भन्नु लोकतान्त्रिक मूल्यहरूको मूलमा आक्रमण हो । सरकारहरू परिवर्तन हुन्छन्, तर लोकतन्त्र स्थायी प्रणाली हो । यदि सरकारलाई राष्ट्र मानियो भने, लोकतन्त्र व्यक्तित्व पंथ र राजनीतिक केन्द्रीकरणले प्रतिस्थापन गर्नेछ । त्यसैले विकसित लोकतन्त्रहरूमा सरकारहरूको तीखो आलोचनालाई पनि लोकतान्त्रिक स्वास्थ्यको संकेत मानिन्छ । लोकतन्त्रमा, मिडियाको जिम्मेवारी केवल सरकारका उपलब्धिहरू प्रसारण गर्नु मात्र होइन । यदि मिडियाले सत्तारूढ दललाई मात्र समर्थन गर्छ र जनहितका कठिन प्रश्नहरूलाई दबाउँछ भने, यो पत्रकारिता होइन, प्रचार बन्छ । मिडिया कुनै पनि राजाको लागि उपकरण हुन सक्दैन । पत्रकारिताको मौलिक कर्तव्य शक्तिको नजिक उभिनु होइन, तर जनताको पक्षमा उभिनु हो । जब मिडिया शक्तिको धेरै नजिक हुन्छ, यसको विश्वसनीयता कमजोर हुन थाल्छ । जनताले बिस्तारै यसलाई स्वतन्त्र माध्यमको रूपमा होइन, राजनीतिक उपकरणको रूपमा हेर्न थाल्छन्। यसैकारण लोकतान्त्रिक समाजमा मिडिया स्वायत्ततालाई अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

विश्वभरका धेरै लोकतान्त्रिक देशहरूमा प्रेस स्वतन्त्रतालाई लोकतान्त्रिक स्थिरताको आधारशिला मानिन्छ ।नर्वे, स्वीडेन, फिनल्याण्ड र नेदरल्याण्ड जस्ता देशहरू प्रेस स्वतन्त्रता सूचकांकमा निरन्तर उच्च स्थानमा छन् किनभने त्यहाँका पत्रकारहरूले सत्तामा रहेकाहरूलाई प्रश्न गर्ने पूर्ण स्वतन्त्रता पाउँछन् । सरकारको आलोचना गर्ने पत्रकारहरूलाई देशद्रोही भनेर चिन्ह लगाइँदैन, बरू लोकतन्त्रको आवश्यक संरक्षकको रूपमा हेरिन्छ ।

यसको विपरीत, मिडियामाथि राजनीतिक नियन्त्रण बढेका देशहरूमा प्रेस स्वतन्त्रता घट्छ र लोकतान्त्रिक संस्थाहरू कमजोर हुन्छन्।यो पनि सत्य हो कि पत्रकारिताले पूर्ण इमानदारी र नैतिकताका साथ आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । अप्रमाणित समाचार, नक्कली समाचार, साम्प्रदायिक उन्माद, वा पक्षपाती रिपोर्टिङ लोकतन्त्रको लागि हानिकारक हुन्छन् । यद्यपि, सरकारी नियन्त्रण यी समस्याहरूको समाधान हुन सक्दैन । यदि सरकारले कुन समाचार उपयुक्त छ र के अनुपयुक्त छ भनेर निर्देशन दिन थाल्यो भने, प्रेस स्वतन्त्रता नष्ट हुनेछ । लोकतन्त्रमा, मिडियाको दुर्व्यवहारलाई राजनीतिक दमन मार्फत होइन, स्वतन्त्र न्यायपालिका, प्रेस परिषद्, मिडिया नैतिकता र नागरिक जागरूकता मार्फत सम्बोधन गर्नुपर्छ ।

माननीय प्रधानन्यायाधीशज्यु, तपाईंको हालसालैका टिप्पणीहरूमा 'साङ्लो' र 'परजीवी' जस्ता शब्दहरूको प्रयोगले मलाई पनि यस देशका धेरै अन्य नागरिकहरू जस्तै गहिरो रूपमा विचलित बनाएको छ । चिन्ता केवल शब्दहरूको छनोटको बारेमा होइन, तर यी टिप्पणीहरूमा प्रतिबिम्बित मनोवृत्तिको बारेमा हो । जब संवैधानिक लोकतन्त्रको प्रधानन्यायाधीशले बेरोजगार युवाहरू, आरटीआई कार्यकर्ताहरू, मिडियाकर्मीहरू र असहमतहरूलाई 'साङ्लो' र 'परजीवी' सँग तुलना गर्छन्, यो अब केवल व्यक्तिगत आक्रोशको विषय मात्र रहँदैन; यसले लोकतन्त्रको भावना र यसको आधारभूत संवैधानिक संस्कृतिलाई अपमान गर्दछ ।

मी लॉर्ड,, संवैधानिक कार्यालयको नैतिक शक्ति केवल यसको शक्तिबाट मात्र प्राप्त हुँदैन, तर यसले प्रतिनिधित्व गर्ने संयम, संवेदनशीलता र संवैधानिक नैतिकताबाट प्राप्त हुन्छ । हाम्रो न्यायिक इतिहासमा यो एक सुन्दर परम्परा रहेको छ कि अदालतहरूले सधैं, शब्दहरू मार्फत पनि, लोकतन्त्रलाई सम्मान दिएका छन् । भाषालाई अमानवीय बनाउने - चाहे त्यो 'साङ्लो' होस् वा 'परजीवी', ऐतिहासिक रूपमा असहिष्णुताको प्राथमिक आश्रय भएको छ । पहिले यस्तो लाग्थ्यो कि यस्तो भाषा न्यायपालिकासम्म पुग्न सक्दैन, तर अब मलाई थाहा छ कि सायद हामी भोली थियौं ।

मी लॉर्ड, लोकतन्त्रहरू जीवित छन् किनभने संस्थाहरूले आलोचनालाई प्रजातान्त्रिक आवश्यकताको रूपमा व्यवहार गर्छन्, प्रदूषणको रूपको रूपमा होइन।म लाखौं नेपालीहरू मध्ये एक हुँ जसले यो कुरालाई गहिरो असहज र पीडादायी महसुस गर्छन् कि भारतका बेरोजगार युवाहरूलाई 'साङ्लो' भनिएको छ, विशेष गरी यी कठिन र अशान्त समयमा आशाको सर्वोच्च संवैधानिक पद धारण गर्ने व्यक्तिद्वारा । के यो सत्य होइन कि यी युवाहरू गहिरो आर्थिक र संस्थागत संकटको शिकार भएका छन् जसको सामना प्रणाली आफैंले इमानसाथ गर्नुपर्छ ?

आज, लाखौं शिक्षित युवाहरू घट्दो अवसरहरू, सम्झौतामा आधारित असुरक्षा, भर्ती ढिलाइ, प्रश्नपत्र चुहावट र बढ्दो निराशाको बीचमा आफ्नो जीवन बिताइरहेका छन् । उनीहरूको बेचैनी र क्रोधलाई 'परजीवीवाद' भनेर लेबल लगाउनु भनेको पहिले नै अनिश्चितताको बोझले थिचिएको पुस्ताको उपहास गर्नु हो । आरटीआई कार्यकर्ताहरू र मिडियाको ठूलो वर्गलाई शंकाको नजरले हेर्ने तपाईंको टिप्पणीबाट पनि उत्तिकै गम्भीर चिन्ता उत्पन्न हुन्छ ।

सूचना अधिकार आन्दोलन सत्तामा रहेकाहरूबाट पारदर्शिताको माग गर्ने सामान्य नागरिकहरूको संघर्षबाट उत्पन्न भएको हो। धेरै आरटीआई कार्यकर्ताहरूले भ्रष्टाचार र प्रशासनिक असफलताहरू उजागर गर्न ठूलो व्यक्तिगत जोखिम उठाएका छन्; धेरैले आफ्नो ज्यान पनि गुमाएका छन् । अनुसन्धान पत्रकार र सामाजिक कार्यकर्ताहरू, आफ्ना सीमितता र अपूर्णताहरूका बाबजुद, लोकतान्त्रिक जवाफदेहिताका आवश्यक स्तम्भहरू हुन् । के प्रत्येक आलोचकलाई 'संस्थापना विरोधी' तत्वको रूपमा चित्रण गर्नु उचित छ?यस्तो दृष्टिकोणले खतरनाक परिस्थिति सिर्जना गर्दछ जहाँ 'हो सर' देशभक्तिमा परिणत हुन्छ, र प्रश्न गर्ने कुरा शत्रुता वा राष्ट्रविरोधीमा परिणत हुन्छ ।

मी लॉर्ड,, न्यायपालिकाको संवैधानिक स्थिति अद्वितीय छ किनभने यसले असहमत आवाजहरूको रक्षा गर्ने अपेक्षा गरिन्छ, तिनीहरूलाई बदनाम गर्ने होइन । अदालतहरूले ऐतिहासिक रूपमा सरकारहरूलाई सम्झाएका छन् कि आलोचना देशद्रोह होइन, असहमति राष्ट्रविरोधी होइन, र राम्रो जवाफदेहिताको माग गर्नु विध्वंसक गतिविधि होइन ।



डा. केदार कार्की,
वरिष्ठ पशु चिकित्सक।

यदि नागरिकहरू डराउन थाल्छन् कि उनीहरूले संस्थाहरूको आलोचना गर्दा अपमान वा प्रतिशोधको सामना गर्नुपर्नेछ, विशेष गरी उनीहरूको स्वतन्त्रताको रक्षा गर्ने संस्थाहरूबाट, लोकतान्त्रिक सम्झौता कमजोर हुन थाल्छ । सामाजिक सञ्जालका पोस्टहरूमा टिप्पणी र वकिलहरूको अनलाइन अभिव्यक्तिको अनुसन्धानका लागि सुझावहरूले पनि अभिव्यक्ति स्वतन्त्रताको बारेमा गम्भीर प्रश्नहरू उठाउँछन् । व्यावसायिक अनुशासन निस्सन्देह आवश्यक छ, र यदि नक्कली डिग्रीहरू छन् भने, तिनीहरूको अनुसन्धान गर्नुपर्छ। तर आलोचना, असहमति, वा असहज प्रश्नहरू संस्थागत शंकाको आधार हुन सक्दैनन् । अन्यथा, जवाफदेहिता र धम्की बीचको रेखा खतरनाक रूपमा धमिलो हुन्छ ।

मी लॉर्ड, सार्वजनिक संस्थाहरू, विशेष गरी संवैधानिक अदालतहरूले सार्वजनिक बहसलाई माथि उठाउने भाषामा कुराकानी गर्ने अपेक्षा गरिन्छ, थप तिखोपन र असभ्यता होइन । देशले पहिले नै राजनीतिक बहसमा शालीनताको गिरावट देखिरहेका बेला, न्यायपालिका संवैधानिक संयम र मर्यादाको अन्तिम आश्रय रहने अपेक्षा गरिएको थियो । प्रश्न यो होइन कि न्यायाधीश रिसाउन सक्छन् कि सक्दैनन्; तपाईं पनि मानव हुनुहुन्छ । वास्तविक प्रश्न यो हो: के संवैधानिक अधिकार र सार्वजनिक जीवनले नागरिकहरूको अवहेलनाको भाषा सहन सक्छ ?

लोकतन्त्र आलोचनाले कमजोर हुँदैन; शक्तिशाली संस्थाहरूले आलोचकहरूलाई लोकतान्त्रिक साझेदारको सट्टा शत्रु' को रूपमा हेर्न थालेपछि तिनीहरू कमजोर हुन्छन् । आज नेपालमा पत्रकारितालाई राष्ट्रविरोधी र देशभक्तिको साँघुरो राजनीतिक चश्माबाट हेर्नुको सट्टा लोकतान्त्रिक जिम्मेवारीको रूपमा बुझ्नु आवश्यक छ ।

सरकारको आलोचना गर्ने पत्रकार देशद्रोही होइन । तिनीहरू लोकतन्त्रको आवश्यक संयन्त्रको हिस्सा हुन् जसले शक्तिलाई जवाफदेही बनाउँछ। लोकतन्त्रमा, सरकारहरू जनताप्रति जवाफदेही हुन्छन्, र पत्रकारहरूले जनताको तर्फबाट प्रश्न सोध्छन्। यदि प्रश्न सोध्नु अपराध बन्छ भने, लोकतन्त्र बिस्तारै अत्याचारमा परिणत हुन्छ । यदि नेपाल साँच्चै विश्वको सबैभन्दा ठूलो र परिपक्व लोकतन्त्र बन्न चाहन्छ भने, यसले प्रेस स्वतन्त्रतालाई संवैधानिक आदर्श मात्र नभई व्यावहारिक वास्तविकता बनाउनुपर्छ । पत्रकारहरूलाई त्यस्तो वातावरण प्रदान गर्नुपर्छ जहाँ उनीहरू डर, दबाब वा राजनीतिक प्रतिशोध बिना काम गर्न सकून्। मिडियामाथि कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष राजनीतिक नियन्त्रणले लोकतन्त्रको भावनालाई कमजोर बनाउँछ । स्वस्थ राष्ट्र त्यो हो जहाँ पत्रकारहरूले सरकारसँग असहमति व्यक्त गर्न सक्छन्, कडा प्रश्नहरू सोध्न सक्छन् र जनहितमा सत्य उजागर गर्न सक्छन् । यो लोकतन्त्रको वास्तविक शक्ति हो, र कुनै पनि सभ्य समाजको पहिचान हो ।

निष्कर्षमा, म भन्न चाहन्छु कि नेपालका बेरोजगार युवाहरू, आरटीआई कार्यकर्ताहरू, स्वतन्त्र पत्रकारहरू र असहमति जनाउने नागरिकहरू लोकतन्त्रमा परजीबी, सांगलाहरू होइनन् । तिनीहरू लोकतन्त्रलाई सास दिने र आशाको दायरा विस्तार गर्ने धेरै आवाजहरूमध्ये एक हुन् ।

karkikedar96@gmail.com

# Iwamura College of Health Science :
# An academic exercises and social responsibilities of Nursing Faculty Graduates

**By Uttam Karmacharya**




On behalf the Board of Director of Dr. Iwamura Memorial Hospital and Iwamura College of Health College, I wish to express my heartfelt Congratulation to all of you Students studding under our Staff Nursing Program

Iwamura College of Health Science Pvt. Ltd as a sister organization of Dr. Iwamura Memorial Hospital has started first three years PLC Nursing Program in 2069/70 and ninth ææ/groups have already passed out and having job in the Kathmandu valley and other hospitals. The college has also started special Nursing Program in 2074/75 for one group for underprivileged and remote districts with the full financial support of the government of Nepal through CTEVT Bhaktapur Kathmandu Valley Nepal.

At present , the Nursing Program in Nepal running through CTEVT and private colleges in PCL level through 74 college 8880 in numbers in the last academic year 2082/83 in first , second and thid year and admitting around 2960 in this academic year 2083/84 as new intake throughout the country. The admission procedure is already open in each CTEVT College and affiliated colleges[

**International Nurses Day**

International Nurses Day is an international day observed around the world on 12 May (the anniversary of Florence Nightingale's birth) each year, to mark the contributions that nurses make to society.

**Background**

The International Council of Nurses (ICN) has celebrated this day since 1965. In 1953 Dorothy Sutherland, an official with the U.S. Department of Health, Education and Welfare, proposed that President Dwight D. Eisenhower proclaim a "Nurses' Day"; but he did not approve it.

In January 1974, 12 May was chosen to celebrate the day as it is the anniversary of the birth of Florence Nightingale, the founder of modern nursing. Each year, ICN prepares and distributes the International Nurses' Day Kit. The kit contains educational and public information materials, for use by nurses everywhere. As of 1998, 8 May was designated as annual National Student Nurses' Day in the US.

Theme

**ICN themes for International Nurses Day:**

· 1988 – Safe Motherhood
· 1989 – School Health
· 1990 – Nurses and Environment
· 1991 – Mental Health – Nurses in Action
· 1992 – Healthy Aging
· 1993 – Quality, costs and Nursing
· 1994 – Healthy Families for Healthy Nation
· 1995 – Women's Health: Nurses Pave the Way
· 1996 – Better Health through Nursing Research
· 1997 – Healthy Young People = A Brighter Future
· 1998 – Partnership for Community Health
· 1999 – Celebrating Nursing's Past, claiming the future
· 2000 – Nurses – Always there for you
· 2001 – Nurses, Always There for You: United Against Violence
· 2002 – Nurses Always There for You: Caring for Families
· 2003 – Nurses: Fighting AIDS stigma, working for all
· 2004 – Nurses: Working with the Poor; Against Poverty
· 2005 – Nurses for Patients' Safety: Targeting counterfeit medicines and substandard medication
· 2006 – Safe staffing saves lives
· 2007 – Positive practice environments: Quality workplaces = quality patient care
· 2008 – Delivering Quality, Serving Communities: Nurses Leading Primary Health Care and social care
· 2009 – Delivering Quality, Serving Communities: Nurses Leading Care Innovations
· 2010 – Delivering Quality, Serving Communities: Nurses Leading Chronic Care
· 2011 – Closing The Gap: Increasing Access and Equity
· 2012 – Closing The Gap: From Evidence to Action
· 2013 – Closing The Gap: Millennium Development Goals
· 2014 – Nurses: A Force for Change – A vital resource for health
· 2015 – Nurses: A Force for Change: Care Effective, Cost Effective
· 2016 – Nurses: A Force for Change: Improving Health Systems' Resilience
· 2017 – Nurses: A Voice to Lead – Achieving the Sustainable Development Goals
· 2018 – Nurses: A Voice to Lead – Health is a Human right
· 2019 – Nurses: A Voice to Lead – Health for All
· 2020 – Nurses: A Voice to Lead – Nursing the World to Health[6]
· 2021 - Nurses: A Voice to Lead - A Vision for Future Healthcare
· 2022 - Nurses: Make a Difference
· 2023 - Our Nurses. Our Future.
· 2024 - Our Nurses, Our Future: The Economic Power of Care.
· 2025 - Our Nurses, Our Future: Caring for nurses strengthens economies.

**Iwamura College of health Science**

The name of Iwamura College of Health Science is derived from the name of Dr. Iwamura Memorial Hospital and Research Centre on the memory of late Prof. Dr. Noboru Iwamura.

This college was established in 2008 and the academic session started from 2008/2009. At that time we run only 3 programs i.e. General Medicine (HA), Medical Laboratory Technology (LT), Diagnostic Radiography (RG). Now 6 different health programs are being run in this college. They are General Medicine (HA), Medical Laboratory Technology(LT), Diagnostic Radiography(RG), PCL Nursing (SN), TSLC Lab Assistant, and Diploma in Pharmacy. We already submitted other health based programs in CTEVT such as, Physiotherapy, Ophthalmic Science and Dental Science.

These health manpower produced will be posted specially to provide health services at rural areas via Health Post (HP)/Integrated Health Post (IHP)/Primary Health Centre (PHC) and other Maternal Child Health (MCH) clinics, etc. According to government policy, we can conduct this program only after the approval of CTEVT Board. When all these health students of different faculties complete their courses, they will be registered and certified in Health Council. They are: Nepal Health Professional Council (NHPC), Nepal Nursing Council (NNC), Nepal Pharmacy Council (NPC) etc.

We conducted PCL Nursing program from 2012/2013, (TSLC) Lab Assistant from 2014/2015, General Medicine Special from 2015/2016 and the course is completed in 2018. Special PCL Nursing program from 2017/2018. Now we have 660 numbers of students from around 45 different districts of Nepal. As of today, we have provided scholarship to 22 students per year from different faculty. This college is running PCL nursing Special program from CTEVT financial supports. There are 40 students and scholarship is provided by government to these students for education and hostel facilities. They are selected by CTEVT from rural and back ward areas who are deprived, needy and low cast communities including male and female. To date, the eight batch has already graduated from General Medicine (HA), Medical Laboratory Technology (LT), Diagnostic Radiography (RG) and the third batch from PCL Nursing (SN). The third batch of TSLC Lab Assistant (LA) is waiting for their final result. In health faculties out of 100% courses, teachers teach 40% theoretical courses and 60% practical course. The college has its own building, land and hospital, faculty wise-class rooms, demonstration rooms and around 6/7 different laboratories. They are: Basic science examination, pathology, radiography and health education laboratory etc. This year our college got chance to have top 5 positions among 225 colleges of CTEVT affiliation with more than 40% students scoring distinction marks. According to College aim, mission & vision of our college we hope to have other health faculties which are in the pipeline for approval by CTEVT Board soon.

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८३ जेठ १९, June 2, 2026




# Nepal's 2083/84 Budget: Optimism, Structural Risks, and the Search for a Real Growth Engine

**By: Galab Bahadur Dhungana,**

*Attorney & Counselor at Law, United States.*

Finance Minister Dr. Swarnim Wagle's FY 2083/84 (2026/2027) budget is one of the most ambitious economic policy documents Nepal has presented in decades. The government has projected 7 percent economic growth while targeting inflation below 6 percent despite the current fiscal year being estimated to grow at only around 3.85 percent. Nepal's target also exceeds the projected growth rates of India at approximately 6.5 percent and Bangladesh at approximately 4.7 percent. Sustained 7 percent annual growth would allow Nepal's economy, currently estimated at roughly US$50 to 55 billion, to approach US$100 billion within about a decade. The ambition is therefore significant. The question is whether Nepal's current economic structure can realistically sustain such a trajectory.

The proposed national budget stands at approximately NPR 2.124 trillion (approximately US$15.7 billion). Of the government's projected income, roughly two thirds is expected from domestic revenue while nearly one third of the budget will be financed through domestic and foreign borrowing. Foreign grants account for only a very small portion of total financing. On the expenditure side, nearly 62 percent of total spending is allocated toward recurrent expenditure including salaries, pensions, subsidies, and administration while only around 19 percent is directed toward capital expenditure tied to future productivity through infrastructure, hydropower, irrigation, transmission lines, and industrial development. Another roughly 19 percent is allocated toward financial management and debt servicing obligations. The structure of the budget therefore reveals an economy still heavily dependent on consumption, borrowing, and operational expenditure rather than productive capital formation.

What distinguishes this budget from prior years is a visible shift in economic thinking. For the first time in many years, Nepal's budget openly embraces artificial intelligence, IT exports, digital services, startup ecosystems, remote work, and sovereign AI infrastructure as pillars of future economic transformation. Nepal's IT export sector is estimated to have reached approximately NPR 145 billion (approximately US$1 billion) annually and has grown rapidly over the last five years. Yet despite this momentum, the sector still contributes only around 2 percent of GDP and remains far too small to independently sustain a 7 percent national growth trajectory or absorb the scale of future electricity production Nepal hopes to generate. At the same time, the budget still rests overwhelmingly on one assumption that remittance inflows will remain stable. Nepal currently receives approximately US$12 to 13 billion annually in remittance inflows, equivalent to roughly 25 to 30 percent of national GDP. This remittance driven consumption finances imports, banking liquidity, housing, and government revenue collection. More than 60 percent of projected domestic revenue is derived from VAT, customs duties, and excise taxes, all fundamentally tied to imports and consumption. VAT alone is projected at approximately NPR 389 billion (approximately US$2.9 billion), customs duties at NPR 341 billion (approximately US$2.5 billion), and excise duties at NPR 255 billion (approximately US$1.9 billion). Nepal's fiscal architecture therefore remains deeply dependent on remittance fueled consumption rather than domestic industrial production.

A similar structural vulnerability exists in Nepal's energy strategy. India remains effectively the only viable large scale export market for Nepal's hydropower while Nepal still lacks diversified regional transmission infrastructure and alternative electricity buyers. Hydropower expansion itself is heavily debt financed and depends upon predictable long term monetization. If Nepal cannot productively consume a substantial portion of its future electricity generation domestically, and India for political, economic, or strategic reasons reduces future electricity purchases, Nepal could find itself holding expensive hydropower capacity without adequate markets for the output. The result could be severe sovereign debt stress and fiscal instability. Nepal therefore cannot rely solely on electricity exports and must urgently build industries capable of consuming large volumes of electricity domestically.

This is precisely why the budget's references to green hydrogen and green urea production may ultimately prove more strategically significant than even its AI announcements. Agriculture still employs more than 60 percent of Nepal's population and contributes roughly one quarter of national GDP, approximately NPR 1.3 to 1.5 trillion (approximately US$9.6 to 11 billion) annually. Nepal currently imports more than 800,000 tons of fertilizer annually while actual demand is believed to exceed one million tons. By using surplus hydropower to produce domestic green hydrogen and green urea, Nepal could create a powerful productivity multiplier across the broader economy. Even a 10 percent increase in agricultural productivity through reliable fertilizer supply, irrigation, mechanization, and energy integration could increase agricultural output by approximately NPR 130 to 150 billion (approximately US$1 to 1.1 billion) annually. A 25 percent increase could raise agricultural output by NPR 325 to 375 billion (approximately US$2.4 to 2.8 billion) annually, equivalent to approximately 6 to 7 percent of Nepal's current GDP. At the same time, a domestic green hydrogen and green urea ecosystem would create the large scale industrial electricity demand Nepal currently lacks while reducing dependence on imported fertilizer and fossil fuels.

The scale of Nepal's import dependency makes the economic implications even more significant. Nepal spends more than US$2 billion annually importing petroleum products. Coal imports are estimated at NPR 70 to 90 billion (approximately US$520 to 670 million) annually while LPG imports exceed NPR 55 to 60 billion (approximately US$400 to 450 million). Combined with fertilizer imports and seasonal purchases of fossil fuel generated electricity during the dry season, Nepal's annual foreign currency outflows comfortably exceed US$4 billion. Even replacing only a portion of imported petroleum, coal, fertilizer, and LPG with domestic green energy alternatives could realistically save Nepal approximately US$2 to 3 billion annually, equivalent to roughly NPR 270 to 400 billion at current exchange rates. That figure nearly equals Nepal's entire capital expenditure budget of NPR 407 billion and almost matches the NPR 401 billion currently allocated toward debt servicing and financial management obligations. Reducing imports is therefore not merely an environmental objective but one of the largest fiscal stabilization and capital formation opportunities available to Nepal.

The optimism within Dr. Wagle's budget is therefore not misplaced. Nepal possesses genuine advantages in hydropower potential, agricultural scale, strategic geography, and a growing skilled workforce. The vision of sustained 7 percent growth is economically defensible in principle. But Nepal cannot achieve that transformation through remittance fueled consumption, import taxation, and debt financed expansion alone. The success or failure of this growth vision will ultimately depend on whether Nepal can convert surplus energy into productive domestic industries that reduce imports, strengthen agriculture, expand exports, and build long term economic resilience. Nepal's future may ultimately be determined not by how much electricity the country produces, but by whether it can transform that electricity into industrial capacity, national productivity, and genuine economic sovereignty.

# Tribhuvan University: Integrity Lost to Politics



**Narayan Prasad Mishra**

I have always believed that education is the backbone of development. It shapes citizens, empowers societies, and builds nations by imparting knowledge. In Nepal, the dream of higher education began to take shape with the establishment of Tribhuvan University in 1959. I was privileged to witness that moment, contribute to its growth, and later suffer from the very politicization that undermined its ideals.

The Birth of Higher Education in Nepal

Before 1959, Nepal had no university of its own. Our oldest college, Tri-Chandra, was founded in 1918, but it was affiliated with Patna University in India. Nepalese students studied at home, but their examinations were set in India, and their degrees carried an Indian seal. For postgraduate study, one had to go abroad, which was only affordable for the wealthy or a few scholarship recipients.

This reality changed when two Queen Mothers, Kanti Rajya Laxmi Devi Shah and Ishwari Rajya Laxmi Devi Shah, championed the idea of a national university. They led the commission that laid the foundation stone at Kirtipur in 1958. The following year, Tribhuvan University (TU) was established, bringing all nineteen colleges of Nepal under its authority. For the first time, we had our own guardian of higher education.

Tribhuvan University began modestly, offering master's programs in eight subjects in 1959. In 1965, postgraduate science departments were introduced, allowing students to pursue advanced studies without leaving Nepal. The fundamental transformation came in 1971, with the National Education System Plan, which integrated all colleges into TU and emphasized technical education. During this period, institutes in medicine, engineering, agriculture, and forestry were established, and Nepal began producing its own professionals in vital fields.

**Dedication and Sacrifice**

The early decades of TU were guided by visionary and integrity-minded leaders. Vice-chancellors like Sardar Rudra Raj Pandey and Dr. Trailokya Nath Uprety set high standards of honesty and efficiency. During those years, academics devoted themselves to nation-building rather than personal gain.

My late wife, Shanti Mishra, and I dedicated our lives to building the Tribhuvan University Central Library. Shanti, Nepal's first full-time female professor, gave up teaching to transform the library into a national institution. Together, we worked tirelessly, and in time, it was recognized as one of the finest libraries in South Asia. We believed wholeheartedly that education, supported by strong institutions, could change Nepal's destiny.

**The Cost of Truth**

Yet even in those hopeful years, I saw flaws. The education system was weighed down by impractical designs, misplaced priorities, and a growing culture of chakari—sycophancy. I wrote openly about these issues, calling for reforms: better teachers, stronger libraries and laboratories, impartial examinations, and realistic administration. But truth is often unwelcome. My articles, written only to improve education, were seen as threats. I was branded "anti-education" and even accused of being "anti-monarchy." Promotions were withheld, humiliations inflicted, and doors closed.




One experience remains vivid in my memory. After I topped the results for the post of Deputy Registrar, the Vice-Chancellor, displeased with my writings, delayed publishing the outcome for nearly a year. At a public event, under the influence of alcohol, he admitted that he was determined not to promote me. Only after I confronted him—respectfully but firmly—was the result finally announced. Later in my career, in 1992, when I was the Chief of the Office of the University Service Commission, I was compelled to take what was termed "self-retirement" fourteen years before the legal retirement age, not because of incompetence, but because the institution had become politicized under party dictatorship. I was among the most appreciated personnel at Tribhuvan University during the vice-chancellorships of Sardar Pandey and Dr. Uprety in the 1970s. On the other hand, I was forced to take early retirement 14 years before the official retirement age, along with 22 other officials — during the vice-chancellorship of Kedar Bhakta Mathema in 1992. That was the extent of the difference between the academic and political climate and the condition of this institution.

The Arrival of Politics

During the Panchayat era (1960–1990), political influence began to infiltrate the university, primarily through student and teacher associations. However, after 1990, when multiparty democracy was restored, politicization became rampant. University leadership was no longer about academic merit. The Vice-Chancellor, Rector, and Registrar were appointed on the basis of party loyalty. Professors were promoted for political activism rather than scholarly work. Students turned into party cadres instead of learners.

The bhagabanda system—where ruling parties divide top posts among themselves—has transformed universities into miniature versions of Nepal's unstable coalition politics. Just as parliament has walkouts and disruptions, campuses face strikes and padlockings. The university, once envisioned as a temple of knowledge, has become a playground of politics. Because of this unwelcome intrusion, even university authorities — the Vice-Chancellor, Rector, and Registrar — who happen to be purely academic and remain above politics, are often harassed and obstructed by political activists

Decline and Disappointment

The consequences have been devastating. Nepal now has more universities and colleges than ever, yet the quality of education has declined sharply. Degrees are produced in abundance, but research, innovation, and true learning are scarce. The brightest students succeed mostly through their own determination, not because the system nurtures them. Every government since 1990 has promised reform. Countless commissions have been formed, countless reports written, but the fundamental issue—politicization—has never been addressed. Unless universities are freed from political control, quality education will remain beyond reach.

The Way Forward

I believe the solutions are not difficult to imagine.

( a ) Appoint leaders based on academic excellence, not party ties.
( b ) Keep professors, employees, and students independent of political affiliation.
( c ) Strengthen libraries, laboratories, and research.
( d ) Ensure examinations are impartial and credible.
( e ) Most importantly, moral and spiritual values should be embedded in education.

As Paramhansa Yogananda wisely said, true education should teach not only how to make a living but also how to live a fulfilling life.

A Personal Reflection

My journey with Tribhuvan University is one of both pride and pain. I am proud because I saw its birth, devoted my life to building its library, helped shape its administration with systematic order, and believed deeply in its promise. But it is also painful, because I witnessed its decline, suffered under its politicization, and endured humiliations simply for speaking the truth.

But my story is not only personal. It is the story of Nepal's higher education itself—its noble beginnings, achievements, and decline under political influence. If Nepal truly wishes to progress, our universities must once again become sanctuaries of knowledge, free from political interference and dedicated to the pursuit of truth. Only then will education, the backbone of development, stand firm in our country.

I wholeheartedly admire the present government for trying its best to keep educational institutions out of dirty politics by dissolving the political student, professor, or administrative staff organizations. I honestly feel that even the present opposition parties, who wrongfully politicized educational institutions earlier, must admit their past mistakes and appreciate the present government for this step if they really love the country.

narayanshanti70@gmail.com

***About the author**: A non-partisan writer of several books and articles in Nepali and English, former Chief of the Office of the Tribhuvan University Service Commission, Nepal, and a senior citizen in his mid-eighties.*

# कुन कुन क्षेत्रमा आवश्यक छ– राष्ट्रिय मूलनीति



देशको अखण्डता प्रगति र भावी सन्ततिका लागि सदा हितकारक हुने ससानादेखि ठुल्ठूला सबै पक्षमा राष्ट्रिय मूलनीतिको आवश्यक्ता पर्दछ । प्राथमिक रूपमा कृषि र कृषिजन्य व्यवसायको विकास र सुदृढीकरण, जल विद्युत् उत्पादन र बिक्री वितरण, महान पर्यटनको उच्च विकास, वन र जरिबुटीको ब्यापक खेती प्रशोधन र त्यस सम्बन्धी उद्योग धन्दा प्रमुख हुन् ।

अत्याधुनिक मात्रामा नेपाली स्रोत परिचालन गरेर राष्ट्रिय उन्नति गरी विश्व सामुन्ने नेपालीको आफ्नै पहिचान दिएर नेपालको गौरव बढाउने, जीवनस्तर बढाउने, रोजगारका अवसर बढाउने, निर्यात व्यापार बढाएर घाटा व्यापारको अन्त्य गर्ने, सम्पूर्ण क्षेत्रमा आत्मनिर्भर हुने, पूर्ण रोजगार दिने तथा वन, कृषि, जल र उर्जा पैदावरको निर्यात बढाउने, राष्ट्रिय श्रोत साधनको संरक्षणगर्ने; भाषाभाषी, साहित्य, संस्कृतिको जगेर्ना गर्ने, गाउँलाई आकर्षक बनाई सबैलाई गाउँ फर्कन प्रेरित गर्ने, पाश्चात्य छाडापन तथा पौरस्त्य अन्ध विश्वासहरूको अन्त्य गरी नैतिक, इमान्दार र चेतनशील नागरिक बनाउने नीति चाहिएको छ । वास्तवमा यस्ता कामहरू नै राष्ट्रवादी आन्दोलन हुन् । तल उल्लेख भए अनुसार चाहिएका छन् ।

प्रशासनिक साधनको परिचालन : नीति र कार्यकम :

प्रशासन सबै स्रोत साधनको सुव्यवस्था र सही परिचालन गराउने महत्वपूर्ण अङ्ग हो । सामन्तबादी प्रबृत्तिमुक्त, लोकका सेवक (Civil-Servant), प्रशासनलाई चुस्त, जिम्मेवारपूर्ण, तटस्थ, सीप, क्षमता, आत्मबलयुक्त,राजनीति प्रभावबाट उन्मुक्त, स्वत: संचालन हुने (Auto-run-syQmem), भ्रष्टाचार रहित सुशासनयुक्त, सेवामूलक तथा राष्ट्रप्रति समर्पित गराउने, सबै संवैधानिक निकायलाई आफ्नो क्षेत्रमा पूर्ण स्वतन्त्र भई काम गर्न पाउने, केन्द्रीय च्याप्टे (Flat) प्रशासनलाई अग्लो (Tall) बनाउने, अधिकृतमुखी (Officer Oriented) केन्द्रीय प्रशासन, कामको आधारमा दरबन्दीको सिर्जना, आर्थिक सर्भेक्षणको आधारमा त्यस वर्षको तलबमान कायम हुने, राजनैतिक नियुक्तिको प्रथाको अन्त्य गरिने, कर्मचारीको सरूवा, बढुवा, प्रशिक्षण, कानून बमोजिम स्वत: हुने गरी व्यवस्था गर्ने नीति चाहिन्छ ।

निष्पक्ष प्रवेश, कर्मचारीहरू दलीय राजनीतिबाट मुक्त, पेशागत हकहितहरूका लागि मात्र संगठन, लोकसेवा आयोगबाट मात्रै आपूर्ति, सुशासन (Good-governance), प्रभावकारी विकेन्द्रीकरण गराई गाउँ र नगर स्तरलाई स्थलगत कार्यक्षेत्र तथा जिल्लास्तरलाई अनुगमन, सुपरिवेक्षण, समन्वय गर्ने र जिल्लास्तरीय योजना संचालन गर्ने एकाइका रूपमा विकसित गरिनु परेको छ ।

सेवा र सुविधाका आधारमा राजनैतिक विभाजन तथा स्थानीय एकाइको संगठन वैज्ञानिक विभाजन हुनु परेको छ ।

राष्ट्रिय अभिलेख : गाबिस, वडा र परिवार र त्यस भित्र व्यक्ति विशेषको स्थायी अभिलेख परिवार-स्थिति-कार्ड (Family-Position-Card) लागु गरेर राख्न सकिन्छ । यसबाट यावत् अभिलेखको दुरुस्त राख्न सम्भव छ । यसले कुनै पनि जनसंख्या या तथ्याङ्क या सर्भेको लागि छुट्टै काम गर्नु पनि पर्दैन । त्यो बनाउन नीति चाहिन्छ ।

भ्रष्टाचार उन्मूलन : घर नम्बर सहितको परिवार-स्थिति-कार्ड (Family-Position-Card) लागु गरेर भ्रष्टाचारलाई रोक्ने मात्र होइन यसलाई सदाका लागि उन्मूलन गर्न सकिन्छ ।

परिवार-स्थिति-कार्ड ले गर्दा सबै नेपालीलाई पूर्ण रोजगार र समान र स्तरीय शिक्षा दिन सकिने मात्र होइन यसले नागरिक्ताको समस्याको पनि एकैचोटी समाधान गर्दछ तथा विदेशीले नागरिक्ता लिन पनि सक्दैनन् ।

ऐन कानून : संख्यामा बढी र गुणस्तर कम भएका कानूनलाई मिलाएर शक्ति सन्तुलन भएको कानूनी राज्य बनाइ वकिल र न्यायाधीश स्वछन्दताको अन्त्य गराउनु पनि ऐनको एकीकरण, सरलकीरण र दोहोरिएका कुरा हटाउन नीति चाहिएको छ ।

वैदेशिक नीति र कार्यक्रम:

नेपालको वैदेशिक नीति नभएका कारण सबै दलका नेताले जे मनलाग्यो त्यही गर्ने, बोल्ने भएको हुनाले वैदेशिक हस्तक्षेप व्यपक रूपमा बढेकोछ । नेपाली पनको अस्तित्व पनि खस्किदै गएको छ ।

अनुदान दया होइन हक हो । यो लिने नीति आफै बनाइदिने भए टर्न-की र नबनाउने भए राष्ट्रिय कोषमा दाखिला हुने र नेपालको विकास योजना अनुसार विकसमा लगाइने बाहेकका अनुदान र ऋृण ग्रहण नगर्ने नीति बन्नु परेको छ ।

विदेशी लगानी भित्र्याउने नीतिमा पनि नेपाली लगानीर्त्ताले, वित्तीय संस्थानले संचालन गर्न सकेसम्म विदेशीलाई नदिने, विदेशीले शेयरका रूपमा मात्र लगानी गर्न र ५ अर्बभन्दा साना लगानी हुने आयोजनामा विदेशीलाई रोक हुनुपर्छ ।

पञ्चशील सिद्धान्तमा आधारित तटस्थ र असंलग्न परराष्ट्र नीतिलाई मूल नीतिको रूपमा स्वीकार्ने र त्यसमा आँच आउने गरी भन्न, लेख्न नहुने नीति हुनुपरेको छ ।

छिमेकी राष्ट्र खास गरेर भारत र चीनसँग सबै क्षत्रमा समदूरीको व्यवहार गरिने नीति बन्नु परेकोछ । त्यसको लागि भारतसित भएको सन् १९५० को सन्धिलाई धार १ र ८ बाहेक अरू खारेज गर्नेगरी पुनरावलोकन गर्ने नीति चाहिएको छ ।

भूपरिवेष्टित देशको हैसियतले नेपालले पाउनु पर्ने रेल, मोटर, हवाइ तथा जल (नदी) मार्गको स्वतन्त्र र निर्बाध पारवहन अधिकार लिने, कोलकोत्ताका अतिरिक्त चटगाउँ, तिब्बती रेलमार्ग मार्फत हङकङ र कराँची बन्दरगाह प्रयोग गर्न पाउने नीतिसमेत बन्नु परेको छ ।

आर्थिक साधनको परिचालन नीति

समाजको चेतनाको स्तर (Awareness Level), जीवन स्तरको तह (Living Qmandard Level) र संस्कार र संस्कृतिको तहसंग मिल्ने आर्थिक नीति हुनु पर्दछ । यससंग मिलाउन सकिएन भने देशले आर्थिक उन्नति गर्न सक्दैन । उद्योगपति र व्यापारीको विश्वसंग प्रतिस्पर्धा गर्ने ज्ञान सीप र क्षमता पुग्ने भौतिकपक्ष र ज्ञानपक्ष (Software and Hardware) को स्तरसंग मिल्ने आर्थिक नीति हुनु पर्दछ । यो नबुझी राज्यले हात झिकेर खुला बजारमुखी प्रतिस्पर्धात्मक अर्थतन्त्रको लहरलाई अथवा अरू त्यस्तै विदेशीले भनेको नीतिलाई अवलम्बन गरेमा वा आफ्नो राष्ट्रको हित अनुकूल परिभाषित गर्न नसकेमा देशको घाटा व्यापारको खाडल भरिन सम्भव हुदैंन । वस्तुको उत्पादन, विनिमय र वितरण प्रणालीबाट कुन क्रममा राज्य अलग्गिने भन्ने कुरा नीतिले निर्धारण गर्नु पर्दछ । इच्छाएको व्यवसाय रोज्ने प्रतिस्पर्धा गर्ने र स्वतन्त्रता र सिर्जनशीलताको अधिकार प्रत्येक नागरिकलाई हुनु पर्दछ । तर सामाजिक स्वार्थको लागि व्यक्तिको आर्थिक स्वतन्त्रतामा विवेकपूर्ण बन्देज भने हुनै पर्दछ ।

हाम्रो देशको आर्थिक बनावट संगठित शहरी क्षेत्र र असंगठित ग्रामिण क्षेत्रसँगसँगै शहरी क्षेत्रमा असंगठित क्षेत्रहरू रहेका छन् । त्यसैले शहरी र ग्रामीण क्षेत्रमा मात्र हाम्रो अर्थतन्त्रलाई छुट्याएर योजना बनाउने परम्परा रूढ र एकाङ्गी छ ।

अल्पकालीन, मध्यम्कालीन र दीर्घकालीन नीति, कार्यक्रम र कार्यान्वयनको रणनीति लागू गरी अर्थतन्त्रलाई सही लीकमा ल्याउनु पर्ने आवश्यक्ता छ ।

आर्थिक विकास नीति :

राजनीतिको मूल लक्ष्य नेपाली मात्रको समान रूपमा सन्तुलित र सर्वाङ्गिण तथा समष्टि विकास गर्नु हो । लैंगिक विभेद हटाउने, उत्पीडित, दलित, शोषित जाति जनजातिलाई शिक्षा, स्वास्थ्य, चेतना, रोजगारका अवसर समेत समान स्तरमा पाउनेगरी निश्चित अवधिमा विभेदको अन्त्य गर्ने, शतप्रतिशत नेपालीले सबै सेवाहरू समान रूपले पाउने नीति हुनु पर्दछ । त्यसका लागि समष्टिगत पद्धति (WholiQmic Development Approch) नीतिको आवश्यक छ । यो पद्धतिबाट नै प्रत्येक नेपालीलाई रोजगार उपलब्ध गराउन सकिन्छ ।

भूप्रयोजन नक्सा, व्यवस्थित बस्ती र विकेन्द्रीकरणका सिद्धान्त, पारिवारिक स्थिति कार्डको आधारमा देशभरिको कृषिजन्य र गैर कृषिजन्य दुबैलाई पूर्ण रोजगारी दिन सम्भव छ । त्यो नीति अंगिकार गरिएको हुनु पर्दछ ।

आर्थिक बृद्धिदर नभईकन रोजगारी सिर्जना हुँदैन । आर्थिक बृद्धिदर संगठित क्षेत्रबाहेक प्रत्येक परिवारमा पुग्नु पर्दछ ।

नेपालमा पूर्वाधारको विकास गर्न, बाढी पैरो र भूकम्प जस्ता मानव निर्मित र प्राकृतिक प्रकोपबाट बचाउन, वन र भू-संरक्षण गर्न, सेवाहरू उपलब्ध गराउन, देशका सबै तथ्याङ्कहरू अद्यावधिक गर्न, विदेशी आप्रवास र अतिक्रमण नियन्त्रण गर्न, कृषिमा विविधीकरण गर्न तथा हरित क्रान्ति ल्याउन, जनसंख्यालाई गैर कृषि क्षेत्रमा लगेर घरेलु, औद्योगिक क्रान्ति गराउन, भू-क्षेत्रको सदुपयोग गर्न, पर्यटन उद्योगलाई व्यापक र उत्कृष्ट पार्न, सीप र ज्ञानयुक्त प्रविधि विकास गर्न, यातायातलाई कम खर्चिलो, छोटो र सीमित पार्न यथार्थ रूपको विकेन्द्रीकरण कार्यान्वयन गर्न, शतप्रतिशत जनतालाई उसको रुचि अनुसार देशभित्र नै रोजगार दिन, विदेशी ऋृण सहयोग घटाउन, दोहोरो खर्च कटौती गरी मितव्ययी गराउन मूलत: व्यवस्थित बस्तीको खाँचो पर्दछ । यसतिर गम्भीर हुनैपर्छ ।

# बालेन र रविमा महाथिर खोज्दाखोज्दै.....



डा. विनिता

जेनजी विद्रोहले सबै बेथिति र अव्यवस्था फाल्यो, जेनजी नेतृत्वमा सरकार बन्यो । अब नेपालले पनि मलेसिया पुननिर्माण गर्ने महाथिर पाउने भयो भन्ने विश्वास जागेकै हो । युवामा लोकप्रिय रहेका बालेन्द्र साह र राजनीतिमा ख्याति कमाएका रवि लामिछाने एक भए, एक भएर रास्वपालाई अघि बढाए । झण्डै दुई तिहाईको बहुमत जनताबाट पाएका यी दुई नेतृत्वले महाथिरले गरेझैं नेपालको कायाकल्प गर्नेछन्, सुशासन दिनेछन् भन्ने आमविश्वास रहेकै हो । तर सरकार गठन गरेको दुई महिनामा जुन कमजोरीहरू देखियो, त्यसले जनादेश, जनविश्वासमा ठेस लागेको छ । सबैभन्दा ठूलो ठेस जेठ १७ गते संसदमा जवाफ दिन पुगेका प्रम बालेन्द्र साहले सीमा समस्या समाधान गर्ने सबै कुरा राम्रो गरे, पहिलोपल्ट बेलायतलाई समेत नेपाल भारतवीचको सीमा समस्या समाधान गर्न पत्राचार गरेको रहस्य खोलिदिएका थिए । प्रतिपक्षी अतिराम्रो जवाफ फर्काएका प्रम बालेन्द्रले यही मेसोमा नेपालले पनि भारतीय भूमि मिचेको खुलासा गरेपछि रास्वपा, प्रम बालेन्द्रको बिरोध सुरू भएको छ ।

सीमाविदहरूले दशगजा क्षेत्रमा नेपालीले दशगजा पारी र भारतीयले दशगजा वारी खेतीपाती गर्ने गरेको समस्या भएको तर नेपालले भारतको सीमा मिचेको छैन भनेर प्रतिकृया दिइरहेका छन् । नेपालको ६० हजार हेक्टरभन्दा बढी भूमि भारतले अतिक्रमण गरेको पुरानो घाउमा चुच्चे नक्साका भूभाग, कालापानी, लिपुलेक, लिम्पियाधुरा नै भारतीय नक्सामा मिलाइसकेको छ भारतले । यही विषयमा प्रम बालेन्द्र साहले टेबुल टक गरेर समाधान गर्ने विषय उठान गरेका थिए । यही मेसोमा नेपालले भारतीय भूमि मिचेको विषयलाई प्रतिपक्षी दलहरूले तीब्र प्रतिकृया जनाइरहेका छन् । प्रम बालेन्द्रलाई हुतिहारा, लेण्डुपसम्म भन्न भ्याएका छन् । यसको प्रतिकारमा परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकालेर वीचबचाउ गरिसकेको छ भने अब प्रम बालेन्द्र साहले छिटै यो विषयमा संसदमै पुगेर अझ स्पष्ट पार्नसक्छन् ।

स्मरणीय छ, केही दशक अघि मलेसियामा महाथिर उदाए अनि मलेसियाको शासन सत्तालाई सुधार गरे । भ्रष्टाचारीको सात्तो खाइदिए । मलेसियालाई आधुनिक सम्पन्नतातिर पुऱ्याएकै हुन् । केही समय आराम गरेका महाथिरलाई लाग्यो कि फेरि भ्रष्टाचार मौलायो, कुशासन बढ्यो, त्यसपछि महाथिर आमनिर्वाचनमा होमिए । मलेसियाका फादर अफ नेशन मानिएका महाथिर मोहमद आफूले बनाएको पार्टी छाडेर नयाँ गठबन्धनबाट चुनाव लडेका थिए र आखिर उनलाई जनताले फेरि सत्ताको साँचो सुम्पिदिएका थिए। महाथिरले चुनाव जितेपछि भनेका थिए म ज्यूँदै छु । मलेसियाका लागि म चिहानबाट पनि बौरिएर आउन सक्छु । एउटा राजनेता जसले मलेसियालाई सम्पन्न मलेसिया बनायो, उसको आवश्यकता जनताले आवश्यक ठाने र उनलाई फेरि पनि चुनाव जिताए। दक्षिणपूर्वी एसियाली मुलुक मलेसियाको सूर्य आश्चर्यजनक रूपमा उदायो। मलेसिया आज समृद्धिको मार्गमा छ ।

१९५७ मा ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भएको मलेसियाको दुर्गतिको सफाइका लागि यिनै महाथिर १९८१ मा उदाएका थिए र २००३ सम्म सत्तामा बसे। बरिसन नेशनल पार्टी स्वतन्त्र भएदेखि लामो समय सत्तामा थियो, केन्द्रविन्दुमा रहेका महाथिरले मलेसियालाई अझ सम्पन्न बनाउने जिम्मेवारी उठाए। मलेसियाली जनतामा फेरि खुशीयाली छायो। आफूले राजनीतिमा डोऱ्याएका नाजिव रजकले गलत बाटो समातेपछि पार्टीबाट अलग भएका महाथिरले जनतालाई बुझाए, जनताको मन जिते, आधुनिक मलेसिया बनाउने महाथिरले सम्पन्न मलेसिया बनाए ।

महाथिर डाक्टर हुन्, फेरि पनि देशको विमारी जाँच्ने जिम्मा लिएका थिए ।

देशका पिता, मुस्लिम मलायका मसिहा, भन्नेले निरंकूश भन्छन् तर मलेसियाली महाथिरलाई पूजा गर्छन्। उनले कहिल्यै विभेद गरेनन्। यद्यपि उनीमाथि मानव अधिकार उल्लंघन गरेको, न्यायपालिकाको अपमान गरेको, विपक्षीलाई जेल हालेको, जातीय विभाजन ल्याउने नीति ल्याएको आरोप लगाउनेले लगाइरहे । तर महाथिरले मलेसिया निर्माणमा कुनै पनि अप्ठेराबाट भागेनन्, देशसेवा डटिरहे ।

यतिबेला नेपालीले नेपालका प्रधानमन्त्री बालेन्द्र साह र रास्वपाका नेता रवि लामिछानेमा महाथिरको छवि छायाँ देखिरहेका छन्, खोजिरहेका छन्। महाथिर सम्पन्न र आधुनिक मलेसिया बनाउन ९२ वर्षमा पनि कम्मर कसेर उभिन सके । रवि र बालेन्द्र त जेनजी पुस्ताका युवा हुन् । यी दुबै नेताले पाएको लोकमत नेपालको सुशासन, समृद्धिको सपना साकार पार्नमा सफलता हासिल होस् भन्ने आमनेपालीले कामना गरिरहेकै छन् । यद्यपि समस्या अनेक छन्, समस्याको खोरियामा नअलमलिईकन बालेन्द्र र रविले नेताबाट राजनेता बन्ने इमान र निष्ठा देखाउने हो भने नेपालको कायापलट हुनसक्छ। जनताले जनमतको जनबल जुन दिएका छन्, त्यो बरदान सावित हुनसक्छ।

नेपाल पनि बहुजातीय समाज छ, बहुभाषिक र अनेकतामा छ र त्यही अनेकतालाई विशेषता बनाउन बालेन्द्र र रविले सफलता हासिल गर्नसक्नुपर्छ । आम जनमानस यतिबेला बालेन्द्र, रविको ओजन प्रभावशाली भएको हेर्न चाहन्छन्। यसैका लागि समर्थन र सहयोग गरिरहेका छन् । यी दुबै नेता लोकप्रियताको शिखरमा छन् ।

१९८१ देखि २०२० सम्मको लामो राजनीतिक यात्रामा उनले जति बिपक्षीको सडक बिरोध कसले सह्यो होला । तर देशभक्तिमा निरन्तर लागिरहेकाले उनी फादर अफ नेशन बन्न सफल भए ।

हो, त्यो उदाहरण बन्नका लागि बालेन्द्र र रविले आफूलाई माझ्नुपर्छ, फुकी फुकी कदम चाल्नुपर्छ, बोलीमा लगाम लगाउनुपर्छ । बोल्न खप्पीस पार्टी सभापति रवि लामिछाने र काम गर्न खप्पीस बालेन्द्र साहलाई खुट्टा तानेर लडाउन, रास्वपामा बिग्रह ल्याउन प्रतिपक्षीहरूले सय दिन पनि दिन सकेनन् । सत्तामा पुगेको दिनदेखि बालेन्द्र साह र रवि लामिछानेको बिरोध भएकै हो । यो बिरोध अब लुसिफरबाट राष्ट्रघाती, फिजीका महेन्द्र चौधरी भन्नेसम्म पुगिसकेको छ । नयाँ र जनादेश पाएकालाई सघाउने, सुझाउने काम प्रतिपक्षीले गरेनन् । बालेन्द्र सरकारले ०४६ देखि ०८२ सालसम्म सत्तामा बसेकाको सम्पत्ति छानबिन र भ्रष्टाचारमा शून्य सहनशीलता अपनाएकाले पनि लुटतन्त्रमा रमाउनेहरू रिसाएका छन् ।




सन्ध्याकालीन
www.sandhyakalin.com
गोरखा एक्सप्रेस
www.nepaltoday.com.np पढौं





## अन्तिम पातो - शाश्वत शर्मा

# गणतन्त्र दिवसको औचित्य सकियो

गत शुक्रवार टुँडिखेलमा राष्ट्रपतिको भाषणसहितको गणतन्त्र दिवस केवल कर्मकाण्डमा सिमित देखियो । गणतन्त्र दिवसप्रति आमनागरिकको यसपल्ट पनि कुनै चासो देखिएन । गणतन्त्रवादी हुँ भन्ने पूर्व प्रधानमन्त्रीहरुले समेत उपस्थिति जनाएनन् । झलनाथ खनालले चाहिं निम्तो पाइन भनेका थिए । प्रधानमन्त्री बालेन्द्र साहले उपस्थिति जनाए पनि तमासामा मात्र हेरेका थिए । गणतन्त्र नामको भाँडतन्त्रका बारेमा राष्ट्रपतिले प्रशंसा गरे पनि कसैले उनको भाषणमा ध्यान दिएको देखिएन । कुनै चर्चासम्म पनि भएन ।

गणतन्त्र दिवसमा गणतन्त्र ढल्नुपर्ने थियो, एकजना सैनिक ढले । यो भाँडतन्त्रले सबैलाई पीडा दिएको छ भन्ने सांकेतिक घटना थियो त्यो । यो भाँडतन्त्रले दिनुसम्मको हण्डर दिएपछि गत भदौ २३ र २४ मा जेनजी आन्दोलन, बिद्रोह भयो । यसको परिणाम फागुन २१ मा आमनिर्वाचन भयो र जेनजी पुस्ता सत्तामा पुगे । यो जेनजी पुस्ताले पुरानै भाँडतन्त्र पछ्याएको आरोप लागे पनि केही क्रमभङ्गताका श्रृङ्खला सुरु भएका छन् । सय दिन पनि नपुगी पुराना दल र नेताहरुले यो जेनजी सरकारको दोहोलो काढिरहेका छन् । आलोकाँचो भएकाले गल्ती हुनसक्छ, कमजोरी देखिन सक्छ । परिपक्व सल्लाहकारहरु राखेर जनताको अपेक्षा पूरा गर्नतिर लाग्दा बालेन्द्र सरकार र रास्वपाका लागि उचित हुनेछ । लोकप्रियतावादले सीमा नाघेको छ । देश र जनताको भविष्यको चिन्ता गरेर निर्णयहरु गर्दै सुशासनतिर लाग्नुपर्नेछ । भ्रष्टाचारीहरुमाथि केही फाइल खोल्दैमा अदालतबाट धरौटीमा रिहा भइरहेका छन् । किन यतिसम्मको लापरवाही भयो, कसले गऱ्यो, सरकारले केलाओस् ।

बजेट आयो, बजेटको तीब्र बिरोध भइरहेको छ । विद्युतमा आत्मनिर्भर हुने भनिएकोमो ५० युनिट भन्दा बढीको खपतमा भ्याट लगाएर यो सरकारले हरेक बस्तुमा महगी लादेको छ, यसको असर आमनागरिकलाई नै पर्ने हो । यसमा बालेन्द्र सरकारले संशोधन गर्न जरुरी छ । उत्पादनमा जोड लगाउन र खपतमा सुपथ गर्नसके यसबाट महगी नियन्त्रण र आत्मनिर्भरता नै बढ्नेछ । ऋणमाथि ऋण थोपर्ने काममा अर्थमन्त्री किन अगाडि सरे ? हुन त उनैले भनेका थिए, ऋण नलिने हो भने सुत्न पनि सकिन्न । यसको अर्थ अर्थतन्त्र नराम्ररी भत्किएको छ । यो भत्किएको अर्थतन्त्रलाई सच्याउने, सुल्झाउने कसरी ? यसतिरको बहस देखिन्न ।

प्रधानमन्त्रीले सामाजिक सञ्जालबाट सन्देश दिएका छन्- ढुक्क हुनोस् । सुशासन, भ्रष्टाचारीमाथि कारवाही, रोजगारीको बृद्धि, उद्योगधन्दको सञ्चालन, कुन कुन विषयमा ढुक्क हुने हो । सार्वभौमिकता भूराजनीतिको चपेटामा परिसकेको छ, कसरी स्वराज बचाउने हो ? प्रम बालेन्द्रजी कुन कुन विषयमा ढुक्क हुने हो । तपाई र तपाईका मन्त्रीले घूस नखालान्, देश र जनताका लागि गर्न चाहिँ के गर्छन् ? त्यसतिर ढुक्क हुन सक्ने स्थिति निर्माण भइरहेको छ कि छैन ? झण्डै दुई तिहाईको सरकार देश र जनताका लागि झन खतरनाक नबनोस् । जनताले के चाहेका हुन्, जनतासँग के के करार गरेको हो, जनतालाई देखाएको सुनाएको वाचापत्र के हो ? यसको सुत्र सूत्रमा काम भइरहेको छ कि छैन ? यो सरकार असफल भयो भने के के हुनसक्छ भनेर अनेक प्रकारका चर्चाहरु घनिभूत भइरहेका छन् । ढुक्क हुनका लागि बालेन्द्र सरकारले त्यही प्रकारका कामहरु गरेर देखाउन जरुरी छ ।

नेपालको सत्ता राजनीति भनेकै खुकुरी र हिंसाको छ । फेरि फेरि यस्तो हिंसात्मक घटना नहोस् भन्नका लागि सबै राजनीतिक शक्तिहरुवीच संवाद, सहमति र सहकार्यको थालनी गरिहाल्नुपर्छ । खासगरी अभिभावक नहुँदा खबरदारी गर्ने कोही भएनन् । जो सत्तामा गए, मीठो भाषण गरे, सत्तालाई अपराधिकरण गरेर स्वार्थमात्र पूरा गरे । अब यो स्थितिको अन्त हुन्छ भन्ने विश्वास गरेरै जेनजी सरकार सत्तामा पुगेको हो । यो सरकारले परम्परागत शक्तिलाई अभिभावकमा राखेर अर्को क्रमभङ्गता गर्न अबेर नगरोस् । कुशासन हुनगयो भने जनताले यो परिवर्तन र यी जेनजी पुस्तालाई दिएको विश्वास खण्डित हुनेछ । यसकारण संविधान संशोधन बहसपत्र तैयार भइरहेको छ र कार्यदलले मागेको सुझावमा ९० प्रतिशत सुझाव संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्रका पक्षमा आएको छ । त्यसमा अमल होस् । संघीयताको खारेजी, सांसदको संख्या कटौतीमा पनि उल्लेख्य सुझाव आएका छन् । सुशासनका लागि आवश्यक पर्ने अरु फेरबदल जे जे गर्नुछ गरे हुन्छ, राजनीतिक मुद्दाहरुको छिनोफानोले चाहिं संविधान संशोधनमा प्रमुखता पाउनैपर्छ । अब पनि राजनीतिक मुद्दाहरुमा अल्झेर अस्थिरता, अराजकता मच्चाउने हो भने अस्तित्वको संकटमा पुगिसकेको धरापबाट सग्लै मुलुकलाई निकास दिन सकिनेछैन ।

निष्कर्षमा भन्नुपर्दा, संवैधानिक राजतन्त्र, हिन्दुराष्ट्रसहितको संविधान संशोधन गरेर प्रजातन्त्र सुनिश्चित गर्ने हो भने अहिलेको परिवर्तन सार्थक हुनेछ ।

**सगरमाथाको संरक्षण गरौं,**
**प्राकृतिक सम्पदा जोगाऔं**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाल पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमुना पर्यटकीय गन्तव्य बनाऔं ।

हिमाल हाम्रो पहिचान र गौरवको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड





# भूगोलले सम्झौता गर्दैन

*डा. जनार्दन सुवेदी*

**केही वर्षअघि, हिमालयन कूटनीतिमा छोटो तर तनावपूर्ण क्षणमा, काठमाडौंमा परिचित ढाँचा पुनः देखा पऱ्यो । युद्ध भएन, विघटन भएन, औपचारिक संकट पनि भएन । तर वक्तव्यहरू जारी भए, स्पष्टिकरणहरू आए, र परराष्ट्र नीति विश्लेषकहरू तुरुन्तै प्रतिस्पर्धी व्याख्यामा विभाजित भए । घटनाको महत्वभन्दा बढी त्यसलाई कसरी पढियो भन्ने कुरा महत्वपूर्ण बन्यो । नेपाललाई फेरि एकपटक स्वतन्त्र अभिनेता भनेर होइन, अरूको रणनीतिक चिन्ताबाट हेर्ने दृष्टिकोणले व्याख्या गरियो ।**

**यो संयोग मात्र थिएन । होइन । यो संरचनात्मक हो ।**

नेपाल दुई ठूला शक्तिहरू भारत र चीनबीचको भू-राजनीतिक अवस्थामै बस्छ, र त्यसैले यसको आन्तरिक घटनाहरू प्रायः केवल आन्तरिक प्रभावमा सीमित हुँदैनन् । काठमाडौंमा भएको राजनीतिक परिवर्तन तुरुन्तै क्षेत्रीय रणनीतिक भाषामा अनुवाद हुन्छ । जुन कुरा घरेलु देखिन्छ, प्रायः दिशात्मक रूपमा पढिन्छ ।

तर नेपालको परराष्ट्र नीति बहस अझै पनि यस्तो अवस्था वैकल्पिक हो जस्तो गरी सञ्चालन हुन्छ, भूगोललाई आधार होइन विकल्प जस्तो मानिन्छ ।

यसको परिणाम पुनरावृत्त विश्लेषणात्मक उल्टोपन हो । आकांक्षालाई संरचना ठानिन्छ, र भाषणलाई रणनीति ठानिन्छ । परराष्ट्र नीति संस्थागत नभई प्रदर्शनात्मक हुन्छ । यसले प्रणालीभन्दा वक्तव्य दिन्छ, रूपरेखाभन्दा प्रतिक्रिया दिन्छ । यो देशभक्तिको असफलता होइन । यो भू-राजनीतिक यथार्थवादको असफलता हो ।

भूगोलले सम्झौता गर्दैन ।

नेपालको अवस्थाले दुई तहको अवस्था सिर्जना गर्छ जुन पर्याप्त गम्भीरताका साथ स्वीकारिँदैन । देश संवैधानिक रूपमा सार्वभौम छ, तर संरचनात्मक रूपमा क्षेत्रीय सुरक्षा वातावरणमा निहित छ जसलाई यसले पूर्ण रूपमा नियन्त्रण गर्न सक्दैन । यो निहितता प्रतीकात्मक होइन । यो सञ्चालनात्मक हो ।

भारतका लागि, नेपालको खुला सीमा, जल प्रणाली, जनसंख्या प्रवाह, र हिमालयन भूगोल व्यापक उत्तरी सुरक्षा संरचनाको अभिन्न हिस्सा हुन् । नेपालमा अस्थिरतालाई प्रायः केवल घरेलु अशान्ति भनेर हेरिँदैन । यसलाई सीमा स्थिरता र रणनीतिक गहिराइका चिन्ताबाट फिल्टर गरिन्छ ।

चीनका लागि, विशेषतः तिब्बतसँग सम्बन्धित, नेपाल सीमाको नियन्त्रण, पृथकतावादको अति जोखिमप्रति संवेदनशीलता, र सीमावर्ती क्षेत्रमा बाह्य गुप्तचर गतिविधिप्रति चिन्ताका कारण रणनीतिक महत्व राख्छ । फेरि, यो केवल धारणा होइन । यो सुरक्षा तर्कका रूपमा व्यक्त भएको भूगोल हो ।

यसको परिणाम पूर्वानुमेय र ऐतिहासिक रूपमा देखिने जस्तै हुन्छ । नेपालमा आन्तरिक अस्थिरता लामो समयसम्म आन्तरिक रहँदैन । यसले तुरुन्तै बाह्य अर्थ ग्रहण गर्छ, नेपाल स्वयंले त्यो अर्थ सिर्जना गर्ने इरादा नराख्दा पनि ।

यहीँ नेपालकै ऐतिहासिक बुद्धिमत्ता सान्दर्भिक हुन्छ । पृथ्वीनारायण शाहले दिएको *"दुई ढुङ्गाबीचको तरुल"* रूपकलाई प्रायः राष्ट्रिय प्रतीकका रूपमा उद्धृत गरिन्छ, तर यो वास्तवमा भू-राजनीतिक सिद्धान्तसँग नजिक छ । यसले यस्तो अवस्थाको अस्तित्व प्रभुत्व वा दाबी होइन, निरन्तर दबावमुनि सन्तुलन कायम राख्ने कुरा हो भन्ने बुझाउँछ ।

तर समयसँगै, यो अन्तर्दृष्टि रणनीतिक मार्गदर्शनभन्दा भाषणात्मक राष्ट्रवादमा सीमित भएको छ । तरुल दबावविरुद्ध बलपूर्वक विस्तार गरेर होइन, आन्तरिक सुसंगतता कायम राखेर बाह्य बललाई आत्मसात गरेर बाँच्छ । आधुनिक नेपाली परराष्ट्र नीति बहसले प्रायः यस तर्कलाई गलत बुझ्छ, आत्मविश्वासलाई शक्ति र संयमलाई कमजोरी ठान्छ, जसले प्रतिक्रियात्मक कूटनीति उत्पादन गर्छ, योजनाबद्ध राज्यकला होइन ।

अन्य साना राज्यहरूले संरचनात्मक बाधाहरूलाई फरक तरिकाले सम्बोधन गरेका छन् । १९५५ पछि, अष्ट्रियाले संवैधानिक तटस्थतामार्फत आफ्नो कमजोरीलाई स्थिरतामा रूपान्तरण गऱ्यो । स्विट्जरल्यान्डले तटस्थतालाई गहिरो आर्थिक एकीकरणसँगै संस्थागत गऱ्यो, भूगोललाई पूर्वानुमेयताको स्रोत बनायो । भुटानले असमानतालाई व्यवस्थापन गर्ने सावधानीपूर्वक कूटनीतिक मुद्रा कायम राखेको छ, आन्तरिक सुसंगतता त्याग नगरी । यी मोडेलहरू प्रत्यक्ष रूपमा स्थानान्तरणयोग्य छैनन्, तर सबैले साझा सिद्धान्तलाई प्रतिबिम्बित गर्छन्: साना राज्यहरू बाधा अस्वीकार गरेर होइन, तिनलाई संस्थागत गरेर बाँच्छन् ।

नेपालको आजको मुख्य समस्या केवल कूटनीतिक कमी होइन, तर संरचित सन्धिले कसरी बाह्य प्रतिबद्धतालाई स्थिरता दिन्छ र प्रतिक्रियात्मक प्रवृत्तिलाई घटाएर आन्तरिक राजनीतिक स्थिरता प्रवर्द्धन गर्छ भन्ने प्रश्न पनि हो ।

सबैभन्दा यथार्थवादी दीर्घकालीन रूपरेखा नेपाल, भारत, र चीनबीचको पचास वर्षे शान्ति, सुरक्षा, र विकास सन्धि हो । पहिलो नजरमा, यो महत्वाकांक्षी देखिन सक्छ । तर भू-राजनीतिमा महत्वाकांक्षा कमजोरी होइन जब भूगोल नै चरम हुन्छ । हिमालयले सामान्य राज्यकलालाई अनुमति दिँदैन । यसले बढीभन्दा बढी संरचित कल्पनाशीलता माग्छ ।

यस अर्थमा, स्थिरता सार्वभौमिकताको विरोधी होइन । बरु, यसको पूर्वशर्त हो ।

नेपालको कूटनीति आज पनि मुख्यतया द्विपक्षीय छ, तर यसको भूगोल मौलिक रूपमा त्रिकोणीय छ । यस असमानताले संरचनात्मक खालीपन सिर्जना गर्छ जुन कुनै एकल सरकारले समाधान गर्न सक्दैन । द्विपक्षीय सम्झौताले त्रिपक्षीय संवेदनशीलता व्यवस्थापन गर्न सक्दैन । अस्थायी कूटनीतिले दीर्घकालीन विश्वास निर्माण गर्न सक्दैन । राजनीतिक चक्रले संस्थागत निरन्तरताको स्थान केही गर े पनि लिन सक्दैन ।

यसको परिणाम पुनरावृत्त ढाँचामा देखा पर्छ, जहाँ प्रत्येक क्षेत्रीय गतिशीलताको परिवर्तनलाई नयाँ रूपमा व्यवस्थापन गरिन्छ, स्थिर रूपरेखामा समाहित गर्नुभन्दा ।

संरचित सन्धिले भारत र चीनबीचको प्रतिस्पर्धा समाप्त गर्ने छैन, न त यसले विश्वव्यापी रणनीतिक प्रतिद्वन्द्विता विघटन गर्नेछ । तर यसले त्यो प्रतिद्वन्द्विताको अभिव्यक्तिलाई नेपालको भूभागभित्र सीमित गर्नेछ, अस्थिरता घटाउनेछ र पूर्वानुमेयता बढाउनेछ ।

भारतका लागि, यस्तो रूपरेखाले उत्तरमा अनिश्चितता घटाउनेछ र क्षेत्रीय एकीकरणलाई सुदृढ गर्नेछ । चीनका लागि, यसले हिमालयन सीमामा संवेदनशीलतालाई स्थिर गर्नेछ र रणनीतिक रूपमा नाजुक क्षेत्रमा अस्पष्टता घटाउनेछ । नेपालका लागि, यसले एउटा यस्तो अवस्था स्थापना गर्नेछ जस बिना कुनै विकास रणनीति टिक्न सक्दैन: समयसँगै पूर्वानुमेयता ।

कुनै आर्थिक रूपान्तरण, पूर्वाधार विस्तार, वा संस्थागत आधुनिकीकरण निरन्तर भू-राजनीतिक अनिश्चितताबीच सफल हुन सक्दैन ।

हिमालय सारिने छैन । नेपाल स्थानान्तरण हुने छैन । भारत दक्षिणतिरै रहनेछ । चीन उत्तरतिरै रहनेछ । रणनीतिक चिन्ताहरू राजनीतिक भाषण वा वैचारिक रुचि जे भए पनि कायम रहनेछन् । भूगोलको यथार्थ यही हो ।

प्रश्न यो होइन कि नेपाल यस अवस्थाबाट बच्न सक्छ कि सक्दैन ?

यो सक्दैन ।

प्रश्न यो हो कि नेपाल यस अवस्थालाई अनिश्चितताबाट संरचनामा रूपान्तरण गर्न सक्छ कि सक्दैन ? यो नेपालमा निर्भर छ ।

पचास वर्षे शान्ति, सुरक्षा, र विकास सन्धि आदर्शवादी संकेत होइन । यो भूगोललाई अस्थिरताबाट वास्तुकलामा, दबावलाई डिजाइनमा रूपान्तरण गर्ने प्रयास हो ।

किनभने भू-राजनीतिमा, बुद्धिमत्ता भूगोललाई प्रतिरोध गर्नमा छैन ।

बुद्धिमत्ता यसलाई व्यवस्थित गर्नमा छ । भूगोलको यथार्थ यही हो ।

***लेखक सुवेदी, मियामी विश्वविद्यालय, अमेरिका का मेडिकल समाजशास्त्रका प्राध्यापक हुन् ।***

